# महालेखापरीक्षकको

# वार्षिक लेखापरीक्षण प्रतिवेदन

# २०७७

## दिपायल सिलगढी नगरपालिका

## डोटी ।




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको कार्यालय

# Office of the Auditor General

प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

Phone : 4258174
4266034
4255707
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu
Nepal


पत्र संख्या:२०७६/७७
च.नं ४५९

मिति: २०७७/३/२४

श्री नगरप्रमुखज्यू,

दिपायल सिलगढी नगरपालिका, डोटी ।

**विषय: लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यापालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन,२०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

२०७७/३/२४

(चन्द्रकान्त भण्डारी)


नायव महालेखापरीक्षक


Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.n Website : www.oagnep.gov.np


"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

# महालेखापरीक्षकको भनाई

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।



**(टंकमणि शर्मा, दंगाल)**
**महालेखापरीक्षक**

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यकम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २४ गते ।

Phone : 4258174
4266034
4255707
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu
Nepal


पत्र संख्याः२०७६/७७
च.नं ४६८ मितिः २०७७/३/२४

श्री नगरप्रमूखज्यू,
दिपायल सिलगढी नगरपालिका, डोटी ।

**विषयः लेखापरीक्षण प्रतिवेदन**

### कैफियत सहितको राय

हामीले दिपायल सिलगढी नगरपालिकाको आर्थिक वर्ष २०७५।७६ को बित्तीय विवरण र त्यससगं सम्बन्धित अन्य बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तियविवरण र त्यससगं सम्बन्धित अन्य बिबरणले स्थानीयतहसगं सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

### कैफियत सहितको रायव्यक्तगर्ने आधार

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तियबिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु.२ करोड १६ लाख ३७ हजार बेरुजू देखिएको छ। सोमध्ये असुलगर्नुपर्ने रु. ३४ लाख १९ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. ८३ लाख १९ हजार नियमितगर्नुपर्ने रु. ८० लाख ८६ हजार पेश्की बाँकी रु.१८ लाख १३ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।९।४ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया पेस हुन नआएकोले उक्त दफा प्रारम्भिक प्रतिवेदनमा उल्लेखित बेरुजुका व्यहोराको अन्तिम प्रतिवेदन पाना ४१(एकचालिस) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षण सगं सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसगं हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्तगर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

२०७६।९।२४

(चन्द्रकान्त भण्डारी)

नायव महालेखापरीक्षक

Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.n Website : www.oagnep.gov.np

# दिपायल सिलगढी नगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

## २०७५।७६

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने उद्धेश्यले दिपायल सिलगढी नगरपालीकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु हो । यो नगरपालिका अर्न्तगत ९ वडा रहेको ५४ सभा सदस्य ७३.१२ व.कि.मी क्षेत्रफल, ३२९४१ जनसंख्या र सात नंम्वर प्रदेशमा अवस्थित छ ।

**स्थानीय संचित कोषः–** आर्थिक वर्ष २०७५।७६ स्थानीय संचित कोष आय व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छः

| आय | | व्यय | |
|---|---|---|---|
| **विवरण** | **यस वर्षको रकम** | **विवरण** | **यस वर्षको रकम** |
| (१) **गत वर्षको जिम्मेवारी** | १७,१८५,४८१।५८ | **दि.सि.न.पा. कोष तर्फको जम्मा खर्च** (१),(२),(३) | ४१०,४७६,५७८।२३ |
| (२) **केन्द्रीय सरकारको अनुदान** | ३२०,९२४,०००।०० | (१) **केन्द्रीय सरकारको अनुदान खर्च** | ३०९,५५२,९१६।८५ |
| • सशर्त अनुदान | २०२,८२४,०००।०० | • सशर्त अनुदान | १९१,४५२,९१६।८५ |
| • समानिकरण अनुदान, संघ | ११८,१००,०००।०० | • वित्तिय समानिकरण अनुदान | ११८,१००,०००।०० |
| (३) **प्रदेश सरकारको अनुदान** | १४,१४८,०००।०० | (२) **प्रदेश सरकारको अनुदान खर्च** | १०,७८३,५१८।०० |
| • समानिकरण अनुदान, प्रदेश | ७,२८२,०००।०० | • समानिकरण अनुदान, प्रदेश | ७,२८२,०००।०० |
| • प्रदेश को.ले.नि.का.वाट अनुदान | ६,८६६,०००।०० | • प्रदेश को.ले.नि.का.वाट अनुदान | ३,५०१,५१८।०० |
| (४) **आन्तरिक श्रोत जम्मा (क,ख,ग,घ)** | ९७,०३७,५३९।४४ | (३) **आन्तरिक श्रोत जम्मा (क,ख,ग,घ)** | ९०,१४०,१४३।३८ |
| (क) आन्तरिक आय | १४,६४३,४७७।४६ | (क) आन्तरिक आय | १२,५१९,७३०।०० |
| (ख) राजश्व बाँडफाँड, संघ | ६४,८६५,९६९।७० | (ख) राजश्व बाँडफाँड, संघ | ६२,२८६,१७०।३८ |
| (ग) राजश्व बाँडफाँड, प्रदेश | २,३८५,७८२।०० | (ग) राजश्व बाँडफाँड, प्रदेश | २,३८५,७८२।०० |
| (घ) अन्य | १५,१४२,३१०।२८ | (घ) अन्य | १२,९४८,४६१।०० |
| • कर्मचारी कल्याण कोष | २,६१५,७६१।२८ | - कर्मचारी कल्याण कोष | ०।०० |
| • मर्मत सम्भार कोष | ०।०० | - मर्मत सम्भार कोष | २४०,९६८।०० |
| • विपद व्यवस्थापन कोष | ०।०० | - विपद व्यवस्थापन कोष | ०।०० |
| • शहरी स्वास्थ्य कोष | ०।०० | - शहरी स्वास्थ्य कोष | १४,२०५।०० |
| • एम्वुलेन्स संचालन कोष | ७४,११५।०० | - एम्वुलेन्स संचालन कोष | २४०,८५४।०० |
| • यूनिसेफ | २,२३६,२७०।०० | - यूनिसेफ | २,२३६,२७०।०० |
| • सडक वोर्ड | १०,२१६,१६४।०० | - सडक वोर्ड | १०,२१६,१६४।०० |
| (५) **धरौटी** | २,०२६,०९५।५७ | (४) **धरौटी फिर्ता** | १,५२४,५७७।८२ |
| (६) **केन्द्रीय वजेटको जम्मा आम्दानी** | ७३,७७२,५६६।४० | (५) **केन्द्रीय बजेट कुल खर्च** | ७२,६३७,७७३।४० |
| • स्था.शा.तथा सा.वि.का. (चालु) | ०।०० | • सामाजिक सुरक्षा | ६०,६२९,२००।०० |
| • स्था.शा.तथा सा.वि.का. (पू.) | ०।०० | • अर्थ वजेट | ९२४,५६६।४० |
| • संघीय संरचना पूर्वाधार | ०।०० | • बहुक्षेत्रीय पोषण कार्यक्रम (चा.) | १,४५८,३८८।०० |
| • सामाजिक सुरक्षा | ६१,१०९,०००।०० | • प्रधानमन्त्री रोजगार कार्यक्रम | ६,१३०,६५८।०० |
| • ग्रामीण जलश्रोत कार्यक्रम (चालु) | ०।०० | • स्थानीय पूर्वाधार वि.सा. कार्यक्रम | ३,४९४,९६१।०० |
| • ग्रामीण जलश्रोत कार्यक्रम (पू.) | ०।०० | **फ्रिज रकम** | १५,८७०,३५८।१५ |
| • अर्थ वजेट | ९२४,५६६।४० | **बैंक मौजदात :** | २४,५८४,३९५।३९ |
| • बहुक्षेत्रीय पोषण कार्यक्रम (चा.) | १,६०३,०००।०० | - आन्तरिक आय | ११,७१४,२४२।६० |
| • प्रधानमन्त्री रोजगार कार्यक्रम | ६,६३६,०००।०० | - राजश्व बाँडफाँड, संघ | २,५७९,७९९।३२ |
| • स्थानीय पूर्वाधार वि.सा. कार्यक्र | ३,५००,०००।०० | - कर्मचारी कल्याण कोष | ६,४७७,५२३।१३ |
| | | - मर्मत सम्भार कोष | १,१६९,०८१।०२ |
| | | - विपद व्यवस्थापन कोष | ८१९,२६८।०० |
| | | - शहरी स्वास्थ्य कोष | २३,८९४।०० |
| | | - एम्वुलेन्स संचालन कोष | ४३,३९७।०० |
| | | - धरौटी | १,७५७,१९०।३२ |
| **कूल जम्मा** | **५२५,०९३,६८२।९९** | **कूल जम्मा** | **५२५,०९३,६८२।९९** |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई आषाढ १० गतेभित्र सभामा पेश गर्नुपर्ने, १५ दिनभित्र छलफल सम्पन्न गरी आषाढ मसान्तभित्र नै पारित गर्नुपर्ने व्यवस्था अनुसार २०७५ आषाढ मसान्तभित्र बजेट नगर सभाबाट पारित भएको छ । नगरपालिकाबाट प्राप्त विवरण अनुसार देहायका शीर्षकहरुमा सशर्त अनुदानबाट प्राप्त रकममध्ये खर्च गर्न बाँकी रहेको रु. १५८७०३५८।१५ फ्रिज भएको र रु.१२५०५८७६।१५ संघीय सञ्चित कोषमा र रु ३३६४४८२। प्रदेश सञ्चित कोषमा २०७६।३।३१ मा दाखिला गरेको छ ।<br><br>लेखापरीक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरीक्षण नीति मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरीक्षण मार्गदर्शन, व्यावसायिक लेखापरीक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरीक्षण योजना, कार्यक्रम र लेखापरीक्षणको विधि अनुसार लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तीय विवरणको शुद्दताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिति २०७६/९/१ मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन्: | |
| | **बित्तिय लेखापरीक्षणबाट देखिएका व्यहोरा** | |
| १. | **आर्थिक विवरण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९ अनुसार नगरपालिकाको लेखा दोहोरो श्रेस्ता प्रणालीको सिद्धान्तमा आधारित प्रोदभावी लेखा राख्नु पर्ने व्यवस्था छ । नगरपालिकाले सो अनुसार लेखा राखेको देखिएन । यसरी तयार गरिएका आर्थिक विवरणले वास्तविक आय र खर्चको स्थिति देखाउदैन भने शीर्षकगत खचंको स्थिति समेत मुल्यांकन गर्न सकिने स्थिति देखिएन । | |
| २. | **गत वर्षको जिम्मेवारी नभिडेको :** गतवर्षको अन्तिम मौज्दात र यो वर्षको शुरुको मौज्दात एक आपसमा भिड्नुपर्दछ । गतवर्ष २०७४।७५ को लेखापरीक्षण प्रतिवेदनमा मौज्दात रु.३,०६,४६,५६५।०८ रहेको देखिन्छ । सोही रकम नै यो वर्षको शुरु मौज्दात हुनुपर्नेमा रु.१,७१,८५,४८१।५८ जिम्मेवारी सारेकोले रु.१,३४,६१,०८३।५ फरक परेको देखियो । अ.ल्या. जिम्मेवारी फरक रकम सम्बन्धमा यकिन गरी हिसाब मिलान गर्नुपर्ने । | |
| ३. | **बैंक हिसाब :** नगरपालिकाको खाता हिसाब र बैंक हिसाब एक आपसमा भिडान हुनुपर्दछ । नगरपालिकाको आयव्यय विवरण अनुसार (स्रेस्ताअनुसार) आषाढ मसान्तको मौज्दात रु.२४,५८४,३९५।३९ देखिएको छ, । नगरपालिकाले बैक स्टेटमेन्ट पेश नभएको कारण खर्च एकिन हुन सकेन । | |
| ४. | **वित्तीय विवरण :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा नगरपालिकाकले प्रत्येक वर्ष साउन एक गते देखि आगामि वर्षको असार मसान्तसम्म्को अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव | |

राख्नुपर्दछ । साथै नगरपालिकाले सोही ऐनको दफा ६९ मा तोकीय अनुसार आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्ने व्यबस्था छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्:

- लेखापरीक्षणका क्रममा बैंक नगदी किताब अद्यावधिक नरहेको, पेश्की खाता नराखेकोले कार्यालयले पेश गरेको आय-व्यय विवरण यथार्थ मान्न सकिएन ।
- बैंक हिसाब समायोजनको विवरण प्राप्त हुन नसकेको ।

त्यसैले तोकिए बमोजिमका वित्तीय विवरणहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी आय व्ययको लेखांकन गर्नुपर्दछ ।

५. **बजेट तथा कार्यक्रम तर्जुमा:** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६७ मा नगरपालिकाले ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसि तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ । तर नगरपालिकाले उक्त समिति गठन गरेको पाईएन । त्यसैले कानून बमोजिम समितिको गठन गरी नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसि तादम्यता तथा परिपुरकता मिलाउनेतर्फ ध्यान दिनुपर्दछ ।

६. **श्रोतअनुमान तथा बजेट सिमा:** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ बमोजिम नगरपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सिमा निर्धारण गर्न, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, बजेट तर्जुमा गर्दा मार्गदर्शन लगायतका कार्य गर्न ४ सदस्यीय श्रोत अनुमान तथा बजेट सिमा समिति गठनको व्यवस्था छ । तर नगरपालिकाले उक्त समितिले गठन गरेको पाईएन । त्यसैले कानून बमोजिम समितिको गठन गरी नगरपालिकाको बजेट तथा कार्यक्रमको प्रथामिकीकरण, बजेट सिमा निर्धारण र सोही अनुसार नगर सभामा बजेट तथा कार्यक्रम पेश तथा पारित गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

७. **क्षेत्रगत बजेट र खर्चको स्थिति:** मिति २०७५/३/३१ मा नगरसभाबाट पारित क्षेत्रगत कार्यक्रम र बजेट खर्च स्थिति देहाय बमोजिम रहेको छ ।

| क्र.स. | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत (जम्मा खर्चको तुलनामा) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ५८०७१००० | ५६९७०२०६.९० | ११.७६ |
| २ | पुर्वाधार विकास | ८५४६५००० | ६४२५५७८९ | १३.२६ |
| ३ | सामाजिक विकास | २८८०५०००० | २७१८१९३६२.७७ | ५६०९ |
| ४ | वातावरण तथा विपद व्यवस्थापन | ८५०७६८२.९९ | ६६३९०६१ | १.३७ |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ८५०००००० | ८४९५४५०९.७८ | १७.५३ |
| ६ | अन्य समपुरक | ० | ० | ० |

| | | | |
|---|---|---|---|
| **जम्मा** | **५२५०९३६८२.९९** | **४८४६३८९२९.४५** | |

उपरोक्त विवरण अनुसार नगरसभाले विनियोजन गरेको बजेट मध्ये सबैभन्दा बढी ५६.०९ प्रतिशत र घटीमा १.३७ प्रतिशत रहेको छ ।

८. **पूर्वाधार तर्फको क्षेत्रगत बजेट र खर्चको स्थिति :** नगर सभाबाट पारित वित्तीय समानीकरण पूर्वाधार तर्फको क्षेत्रगत कार्यक्रम र बजेट व्यवस्थापनको स्थिति देहाय बमोजिम रहेको छ:

| क्र.स. | क्षेत्र | बजेट | खर्च | खर्च % (कुल पूर्वाधार बजेट खर्चको तुलनामा) |
|---|---|---|---|---|
| १ | सडक | ३,७७,९३,५००.०० | ३,७६,२९,५००.०० | ३२.२२ |
| २ | खानेपानी | १,८०,०४,५००.०० | १,६६,२८,५००.०० | १४.२४ |
| ३ | सिंचाई | १८,३२,०००.०० | १५,५७,०००.०० | १.३३ |
| ४ | भु-क्षय तथा ढल | ०.०० | ०.०० | ० |
| ५ | विद्यालय भवन तथा शौचालय | ६६,७५,०००.०० | ६६,७५,०००.०० | ५.७२ |
| ६ | खेलमैदान | ७३,७५,०००.०० | ७३,७५,०००.०० | ६.३१ |
| ७ | झोलुङ्गे पुल | ०.०० | ०.०० | ० |
| ८ | अन्य | ४,५१,१४,५००.०० | ४,२९,४८,५००.०० | ३६.७७ |
| | **जम्मा** | **११,६७,९४,५००.०** | **११,२८,१३,५००.०** | **९६.५९** |

उपरोक्त विवरण अनुसार नगरपालिकाले भौतिक पूर्वाधार तर्फको बजेटबाट सार्वजनिक सडक निर्माण र विद्यालय भवन तथा शौचालय क्रमशः ३२.२२%, ५.७२%, बजेट खर्च गरेकोले स्वीकृत लक्ष्य अनुसार प्रगति हुन सकेको छैन ।

९. **आयको अनुमान:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले नगरपालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । नगरपालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. १ करोड ३२ लाख आय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७५।७६ मा रु. १ करोड ४६ लाख ४३ हजार अर्थात अनुमान भन्दा १११ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

१०. **आन्तरिक आय:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले नगरपालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । नगरपालिकाले आर्थिक वर्ष २०७५।७६ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ३८२१९०६९०.२५ | १४६४३४७७.४६ | ३.८३ |

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको

| | | |
|---|---|---|
| | हिस्सा ३.८३ प्रतिशत मात्र रहेको छ । त्यसैले नगरपालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ११. | **आयव्ययको लेखा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(२) मा नगरपालिकाले नेपाल सरकारले निर्धारण गरेबमोजिमको आय र व्ययको वर्गिकरण तथा खर्च शीर्षकसम्बन्धी ब्यवस्था अवलम्बन गर्नुपर्ने उल्लेख छ । कार्यालयले यो वर्ष एकल खाता कोष प्रणालीबाट सञ्चालन गरी भुक्तानी गर्नुपर्ने सामाजिक सुरक्षा भत्ता, बहुक्षेत्रीय पोषण, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको बजेट स्थानीय तहको सञ्चित कोषमा जम्मा गरेर खर्च गरेको, चालु र पूँजीगत खर्च शीर्षकको विनियोजन तथा नेपाल सरकारको आय तथा व्यय शीर्षकको शीर्षकगत लेखाङ्कन पालना स्थिति कमजोर रहेको, योजनागत खाता अद्यावधिक हुन नसकेको देखिन्छ । कार्यालयले तोकिएको विनियोजन तथा खर्च प्रणाली अवलम्बन गर्दै आय तथा व्ययको शीर्षकगत परिपालनामा विशेष ध्यान दिनुपर्दछ । | |
| १२. | **मध्यकालिन खर्च संरचना :** अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा स्थानीय तहले प्रत्येक आर्थिक वर्षमा आ–आफ्नो कार्यक्षेत्र भित्रका विषयहरुमा हुने सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्दा आगामी तीन वर्षमा हुने खर्चको प्रक्षेपणसहीत मध्यकालिन खर्चको संरचना तयार गर्नुपर्ने उल्लेख छ । नगरपालिकाले सार्वजनिक खर्च ब्यवस्थापनलाई प्रभावकारी बनाउने मध्यमकालिन खर्च संरचना कार्यान्वियनमा ल्याएको छैन । स्रोतको बितरणमुखी प्रवृत्तिलाई नियन्त्रण गर्न, स्रोतसाधनलाई प्राथमिकताप्राप्त क्षेत्रमा प्रवाह गर्न तथा योजनाहरुलाई लागतलाभ विश्लेषण गरी लागतप्रभावी बनाउन मध्यकालिन खर्च संरचनालाई कार्यान्वियन गर्न कार्यालयले ध्यान दिनुपर्दछ । | |
| १३. | **बजेट सीमा निर्धारण समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम नगरपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको ब्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा आगामी आर्थिक वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमूख प्रशासकीय अधिकृतले चैत्र १५ गतेभित्र नगरपालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानूनी ब्यवस्था रहेकोमा नगरपालिकाले समितिको गठन भएता पनि अन्य व्यवस्था पालना भएको छैन । ऐनमा ब्यवस्था भएअनुसार बजेट सीमालगायतका क्षेत्रगत बिषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधिको तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| १४. | **बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको | |

| | | |
|---|---|---|
| | प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |
| | **नियमितताको लेखापरीक्षणबाट देखिएका व्यहोरा** | |
| **१५.** | **आन्तरिक नियन्त्रण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमित र दक्षतापुर्ण ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनिय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन्:<br><br>● नगरपालिकाले तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गरेको छैन ।<br>● नगरपालिकामा समयोजन भई आएका साविकका गा.वि.स. र विषयगत कार्यालयबाट हस्तान्तरण भई आएका जिन्सीको अवस्था देखिने गरी विवरण तयार गरेको छैन ।<br>● नगरपालिकाको वडा कार्यालय र विषगत शाखामा छुट्टा छुट्टै जिन्सी खाता राखेको र जिन्सी सामानको एकीकृत विवरण समेत नबनेको,<br>● नगरपालिकाको मूल जिन्सी खातामा सबै जिन्सी सामानको आम्दानी नजनाई वडागत रुपमा जिन्सी खाता तयार गरेबाट जिन्सी सामान एकिन गर्न तथा अभिलेख राख्न कठिन हुने देखिएको ।<br>● कतिपय कारोबारहरु मूल्य अभिवृद्धि कर बेगरका फर्मसँग गरेको ।<br>● नगरपालिका क्षेत्र भित्र कोष प्रमाणित तथा भ्रमण प्रतिवेदन बेगर अनुगमन तथा दैनिक भ्रमण भत्ता खर्च लेख्ने गरेको ।<br>● विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रम समेत बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठी तर्फ केन्द्रीत भई वितरणमुखी मात्र देखिएको ।<br>● सार्वजनिक खरिद नियमावली बमोजिम कार्यालयले खरिद गुरु योजना तथा वार्षिक खरिद योजना तयार नगरी खरिद कारबाही संचालन गरेको ।<br>● नगरपालिकाले तोकिए बमोजिम Sub-National Tresury Regulatory Application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्नेमा सो गरेको छैन ।<br>● महालेखा नियन्त्रक कार्यालयबाट जारी एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या अनुसार एकीकृत आर्थिक संकेत प्रयोग गरेको छैन ।<br>● स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम श्रोत नक्सांकन वा नगरपालिकाको | |

| | | |
|---|---|---|
| | प्रोफाईल तयार गरेको छैन ।<br>अतः तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी र विश्वसनीय बनाई सार्वजनिक सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान केन्द्रित गर्नुपर्ने देखिन्छ । | |
| **१६.** | **आन्तरिक लेखापरीक्षण:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ र ७८ अनुसार कार्यालयले आन्तरिक लेखापरीक्षण गराउनु पर्ने र आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा समावेश भएका बेरुजु अन्तिम लेखापरीक्षण हुनु अगावै नियमित गराउनु पर्ने नियमित गराई वा प्रमाण पेश गर्नुपर्नेमा प्रमाण पेश गरी वा असुल उपर गर्नु पर्ने असुल उपर गरी बेरुजु लगत कट्टा गराउनु पर्ने व्यवस्था छ । कार्यालयले आ.व.२०७५।७६ को आन्तरिक लेखापरीक्षण गराएकोमा आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा समावेश भएको वेरुजुको कुनै पनि कारवाही गरेको छैन । ऐनमा भएको व्यबस्था कार्यान्वयन गर्नुपर्दछ । | |
| **१७.** | **आ.ले.प.शाखा :** प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तिरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ यस नगरपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ । | |
| **१८.** | **बरबुझारथ :** मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम नगरपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस नगरपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले नगरपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । | |
| **१९.** | **सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका नगरपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा नगरपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सार्ने गरेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । | |
| **२०.** | **कल्याण कोष** :स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपादान, औषधिउपचार लगायतका सुविधा उपलव्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । स्थानीय तहले | |

| | | |
|---|---|---|
| | कार्यालयलाई कर्मचारी कल्याण कोषको लागि आवश्यक पर्ने रकम जम्मा रु.२५ लाख एकमुष्ठ नगरपालिकाको तर्फबाट मात्र रकम जम्मा गरेको देखियो । तसर्थ कानूनको परीपालना गर्नु पर्दछ । | |
| **२१.** | **तलबी प्रतिबेदन :** स्थानिय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहअन्तर्गतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरीक लेखापरीक्षकबाट पारित गराई तलब खर्च लेख्नुपर्नेमा कार्यालयले पालिका अन्तरर्गतका(विषयगत बाहेक) कर्मचारीको तलबी प्रतिवेदन पारित नगरी रु.२०४३२४५२।३८ तलब खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन । तलवी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ । | |
| **२२.** | **कर्मचारी व्यवस्था :** कार्यालयले उपलब्ध गराएको स्वीकृत दरबन्दी विवरण अनुसार स्थायी कर्मचारीको दरवन्दी ६० रहेता पनि पदपूर्ति ४३ मात्र रहेको देखियो । रा.प.द्धितिय अधिकृतसहित १७ पद रिक्त रहेका छन् । तिमध्ये २ जना करारमा राखी कार्यसञ्चालन गरिएको छ । जनशक्तिको अभावमा नगरपालिकाको कार्यसम्पादन र सेवाप्रबाहमा समेत असर परेकाले दरबन्दी अनुसार पदपूर्ति गरिनुपर्दछ । | |
| **२३.** | **वडा सचिवको पदपूर्ति :** नगरपालिका अन्तर्गका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपूर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । | |

| वडा संख्या | वडा सचिवको दरवन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| ९ | ९ | ९ | ० |

**२४.** **चौमासिक खर्चः** नगरपालिकाले स्वीकृत भएको कार्यक्रमको चौमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र चौमासिक लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ । नगरपालिकाले उपलब्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय अनुसार छः

| क.सं. | बजेट उपशीर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | आषाढ महिना |
| १. | चालु खर्च | ३३१६८७०८२।२ | ७२५२५००२।७ | ८२८९८७५७८ | १७६२६३३२२ | १०३८५५५४२।३ |
| २. | पूँजीगत खर्च | १५०००६६७६ | १६४३४७१४ | ४०८०२२४८ | ९२७६९७१४ | ६१०६८२६१।६५ |
| | **कूल जम्मा** | **४८१६९३७५८।२** | **८८९५९७१६।७** | **१२३७०१००६** | **२६९०३३०३६** | **१६४९२३८०४** |
| | | | **१८.४७** | **२५.६८** | **५५.८५** | **३४.२४** |

नगरपालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.४८ करोड १६ लाख ९४ हजार निकासा भएकोमा प्रथम चौमासिकमा रु.८ करोड ८९ लाख ६० हजार अर्थात १८.४७ प्रतिशत, दोश्रो चौमासिकमा रु.१२ करोड ३७ लाख १ हजार, अर्थात २५.६८ प्रतिशत र तेश्रो चौमासिकमा रु.२६ करोड ९० लाख ३३ हजार, अर्थात ५५.८५ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.१६ करोड ४९ लाख २४ हजार अर्थात ३४.२४ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

२५. **प्रशासनिक खर्च:** कुल आन्तरिक आयको तुलनामा प्रशासनिक खर्चको सीमा निर्धारण गरी खर्च गर्नुपर्नेमा सो सीमा निर्धारण नगरेकोले कुल आय रु.१४६४३४७७.४६ को शत प्रतिशत नै प्रशासनिक खर्च गरेको पाईयो । यस्थो खर्चको सीमा निर्धारण गर्नु पर्दछ ।

२६. **सेवाप्रवाहको स्थिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार १५ वटा ऐन, ४ वटा नियमावली र १२ बटा कार्यबिधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष नगरपालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :

| सि.नं. | विवरण | जम्मा |
|---|---|---|
| १ | स्वीकृत घर नक्सादर्ता पास (पुरानो ... तथा नयाँ ...) | २० |
| २ | अस्थायी इजाजत प्रदान Lower Tie Bim Level | ७ |
| ३ | स्थायी इजाजत प्रदान DPC Level 2074/75 | १ |
| ४ | निर्माण सम्पन्न सिफारिस (पुरानो तथा नयाँ) | १ |
| ५ | निर्माण सम्पन्न हुन बाँकी | ६ |
| ६ | नक्सा पास नभएका पुराना घरहरुको अभिलेखीकरण | ९५५ |
| | **पञ्जिकरण तर्फ** | |
| ७ | जन्मदर्ता | ३०८१ |
| ८ | मृत्यू दर्ता | २०७ |
| ९ | बसाईसराई दर्ता | १६२ |
| १० | बिबाहदर्ता | ५२६ |
| ११ | सम्बन्ध विच्छेद दर्ता | ० |
| | **अन्य सिफारिस** | |
| १२ | घरबाटो सिफारिस | २७५ |
| १३ | नागरिकता सिफारिस | १५७५ |
| १४ | नाता प्रमाणित | ५५० |
| | **पूर्वाधार विकास सडक निर्माण** | |
| १५ | ग्राभेल सडक मर्मत | ४.५ कि.मी |

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार नगरपालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सन्तोषजनक नदेखिएको हुदाँ पालिकाले सेवा प्रवाहको स्थितिमा सुधार गर्नुपर्दछ ।

२७. **न्यायिक समिति र न्याय सम्पादन :**स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४६ अनुसार नगरपालिकाको उप-प्रमुखको नेतृत्वमा न्यायिक समितिले दफा ४९ अनुसार न्याय सम्पादनको कार्य गर्ने व्यवस्था छ । नगरपालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष न्यायिक समितिको कार्य सम्पादन अवस्था देहाय बमोजिम छ।

| दर्ता भएका विवाद | फछ्र्यौट भएका विवाद | फछ्र्यौट हुन बाँकी विवाद |
|---|---|---|
| ३६ | ३६ | ० |

## कार्यक्रमगत खर्चको लेखापरीक्षणबाट देखिएका व्यहोरा

२८. **लक्ष्य प्रगति :-** कार्यालयको चौमासिक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला स्तरिय तथा केन्द्रिय स्तरियका २०९ योजनाको नियम बमोजिमको उल्लिखत ढाँचामा चौमासिक

| | | |
|---|---|---|
| | प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने कार्यकारी, प्राविधिक कर्मचारीलाई जिम्मेवार बनाउनु पर्दछ । | |

| कार्यक्रम/ योजना | यो वर्ष कुलकार्यक्रम | वार्षिक प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|
| | | शून्यप्रगति कार्यक्रम | २५% सम्म प्रगति भएका कार्यक्रम | ५०% सम्म प्रगति भएका कार्यक्रम | ७५% सम्म प्रगति कार्यक्रम |
| **सहायककार्यक्रम सङ्ख्या** | २०९ | ० | ० | ० | २०९ |

| | | |
|---|---|---|
| २९. | **योजनागत लक्ष्य प्रगति** : यस नगरपालिका अन्तर्गत २०७५।७६ मा क्षेत्रगत तथा समानीकरण अनुदान समेत २०९ योजना स्वीकृत गरेका योजनामा सवै योजनाहरु ७५ प्रतिशत प्रगति भएको उल्लेख छ । शुन्य तथा कम प्रगतिका सम्बन्धमा नगरपालिकाले स्पष्ट गरेको छैन । अतः कार्यान्वयन योग्य योजना तथा कार्यक्रमको पहिचान गरी समयमै योजना सम्पन्न गर्ने तर्फ ध्यान दिनुपर्दछ । | |
| ३०. | **योजना र कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफलप्राप्त योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने ब्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूचीसमेत तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने ब्यवस्था छ । सो अनुसार दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूचि तयार गरेको पाईएन । योजना तयारी सम्बन्धी उक्त ब्यवस्थाको पालना गरिनु पर्दछ । | |
| ३१. | **सभाको निर्णय कार्यान्वयन-** मिति २०७५।३।३२ मा सम्पन्न नगरपालिकाबाट पारित विभिन्न क्षेत्रगत २०९ वटा कार्यक्रमको कार्यान्वयनको स्थितिसहितको सभाको निर्णय र प्रतिवेदन माग गरिएकोमा सभाको निर्णय प्राप्त भएपनि कार्य प्रगति प्रतिवेदन उपलब्ध हुन सकेन । अत सभाको निर्णय कार्यान्वयन स्थिति प्रतिवेदन तयार गरी वर्षान्तमा समिक्षा गर्नुपर्दछ । | |
| ३२. | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानीलगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको नगरपालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । नगरपालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन वा नगर प्रोफाइल तयार गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ नगरपालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| | **राजश्व तथा आन्तरिक आयको लेखापरीक्षणबाट देखिएका व्यहोरा** | |

| | | |
|---|---|---|
| ३३. | **राजश्व अभिलेख :** कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । स्थानीय तहहरुवाट लेखापरीक्षणको क्रममा राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता राखेको छैन । यसवाट स्थानीय तहको बास्तबिक राजस्व असुली र दाखिला एकिन हुन सकेन । बर्तमान स्थानीय तहवाट समेत यसमा बिशेष ध्यान दिई आन्तरिक आयको उचित अभिलेखाङ्कन तथा परिचालन गर्नुपर्दछ । । | |
| ३४. | **रसिद नियन्त्रण खाता :** कार्यालयले राजस्व असूली तथा आन्तरिक आम्दानी गर्दा नगदी रसिदको प्रयोग गर्नुपर्ने र नगदी रसिद नियन्त्रण खाता राख्नुपर्ने व्डबस्था छ । कार्यालयले नगदी रसिद छपाई, गत वर्षको मौज्दात र खर्च तथा जिम्मेवारी सारेको परिमाण देखिने गरी रसिद नियन्त्रण खाता राखेको छैन । रसिद नियन्त्रण खाता नराखेकोले राजस्व असुलीमा प्रयोग भएको रसिदबाट असुल भएको सबै रकम दाखिला भएको छ भन्न सकिने आधार भएन । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुऱ्याउनुपर्ने देखियो । | |
| ३५. | **सवारी कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा गाँउपालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख भएतापनि यस्तो कर संकलन गरेको छैन । सम्वन्धित निकायसँग अबिलम्ब समन्वय गरी हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ । | |
| ३६. | **मनोरञ्जन कर** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७४।७५ मा नगरपालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाईएन । यस नगरपालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ । | |
| ३७. | **व्यवसाय कर :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा नगरपालिकाले आफ्नो कार्यक्षेत्रभित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट ब्यवसाय कर उठाउन सक्ने ब्यवस्था रहेको छ । नगरपालिकाको आर्थिक ऐन, २०७५ ले अनुसूची ४ अनुसार ब्यवसाय कर लगाई असुल गर्ने उल्लेख छ । यस नगरपालिकाको कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नुपर्नेमा व्यवसायीहरुको लगत राखी उक्त लगत अद्यावधिक गरी लगतमा भएका सम्पूर्ण व्यवसायीहरुबाट कर रकम संकलन गरेको पाइएन । नगरपालिका क्षेत्रभित्रका व्यवसायलाई व्यवसायीको अभिलेख राखी करको दायराभित्र ल्याउनुपर्दछ । | |
| ३८. | **राजश्व दाखिला** : प्रदेश आर्थिक कार्यविधि ऐन अनुसार जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ | |

दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । कार्यालय अन्तर्गत ११ वटा वडा नगरपालिका प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको विवरण पेश गरेको छैन ।

३९. **राजस्व असुल गर्नुपर्ने :** नगरपालिका भित्र संकलन हुने विभिन्न किसिमका कर,सेवा शुल्क,दण्ड,जरिवाना र अन्य राजस्वको व्यवस्थित अभिलेख राख्नु पर्दछ । नगरपालिका भित्र संकलन हुने विभिन्न राजस्वहरुमा नगरपालिका कार्यालयबाट उठाइने राजस्वको संकलन भएको रकम भन्दा कम रकम बैक दाखिला गरेकोले सम्बन्धित व्यक्तिबाट असूल गरी राजस्व आम्दानी खातामा दाखिला गर्नुपर्ने रु. २४३४९७/-

| संकलन कर्ता | संकलित रकम | दाखिला रकम | दाखिला गर्न बाँकी रकम |
|---|---|---|---|
| नगर बसको आम्दानी | ४३६८००० | ४१६३४४० | २०४५६०/- |
| १ नं.वडा | २४३२११ | २४३२११ | ० |
| २ नं.वडा | ४४८३८८ | ४४८३८८ | ० |
| ३ नं.वडा | ११८०१६३ | ११८०१६३ | ० |
| ४ नं.वडा | १७२१८८६ | १६९५९४९ | २५९३७/- |
| ५ नं.वडा | ५४७२२९ | ५४७२२९ | ० |
| ६ नं.वडा | ६०८६४० | ६०८६४० | ० |
| ७ नं.वडा | ३३८६०२.९५ | ३३८६०२.९५ | ० |
| ८ नं.वडा | २९३६८१.८० | २९३६८१.८० | ० |
| ९ नं.वडा | ८०५७० | ८०५७० | ० |
| पशु सेवा इकाई | ६६७५० | ६६७५० | ० |
| दि.सि.न.पा | ९११४३५६.१६ | ९११४३५६.१६ | ० |
| सटर भाडा यशोदा गुरुङ्ग | ७८००० | ६५००० | १३००० |
| | | जम्मा | २४३४९७/- |

उपरोक्ता अनुसारको आन्तरिक राजस्व आम्दानी भएको देखाइए तापनि वडा नं. २ र नगरपालिका बाहेक अन्य वडाबाट प्राप्त हुने राजस्वको श्रेस्ता लेखापरीक्षणमा पेश नभएकोले एकिन गर्न सकिएन । अतः यस सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्ने ।

**खरिद व्यबस्थापनको लेखापरीक्षणबाट देखिएका व्यहोरा**

४०. **बार्षिक खरिद योजना/ गुरुयोजना -** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना

| | | |
|---|---|---|
| | बनाउनुपर्ने व्यवस्था छ । यस नगरपालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१५,००,०६,६७६। पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर नगरपालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः नगरपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ । | |
| ४१. | **सवारी साधन खरिद**–स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धि निर्देशिका, २०७४ को दफा ५.१५ मा नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनका लाािग सवारी साधन खरिद गर्न नसकिने व्यवस्था छ । नगर पालिकाले यस वर्ष १ वटा नगर बस, १ वटा जिप, खरिद गरी निम्नानुसार रु.९१ लाख ८५ हजार खर्च गरेको छः<br><br><table><tr><th>सि.नं</th><th>सवारी साधन</th><th>संख्या</th><th>यस आ.व.मा खरिद भएका</th></tr><tr><td>१</td><td>जिप</td><td>१</td><td>५५९००००</td></tr><tr><td>२</td><td>नगर बस</td><td>१</td><td>३५९५०००</td></tr><tr><td></td><td>**जम्मा**</td><td></td><td>**९१८५०००/-**</td></tr></table><br>उपरोक्त बमोजिम नगरपालिकाको आफ्नो आन्तरिक आय रु.१,४६,४३,४७७.४६ मात्र भएको अवस्थामा वित्तीय समानीकरण अनुदानबाट सवारी साधनमा यति ठुलो धनराशि खर्च गरेको नियमसम्मत देखिएन । | |
| ४२. | **प्राविधिक बिल र कार्य सम्पन्नः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ । | |
| ४३. | **उपभोक्ता समिति :** सार्वजनिक खरिद नियमावली ,२०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ । उपभोक्ता समितिबाट तोकिएको जनसहभागिता नजुटाउने साथै कार्यालयबाट गर्ने भुक्तानीमा आनुपातिक कट्टी नगर्ने, जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन गर्ने, योजना हस्तान्तरण नहुने तथा खर्च सार्वजनिक नगनें जस्ता कानूनी | |

| | | |
|---|---|---|
| | व्यवस्थाको पालना भएको पाईएन । | |
| ४४. | **उपभोक्ता समिति छनौट -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा एक करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा उपभोक्ता समिति वा लाभग्राही समूदायबाट गराउन सक्ने र यसका लागि सम्बन्धित काम र सेवाको प्रकृति, परिमाण, लाग्ने रकम, उपभोक्ता समिति वा लाभग्रही समूदायको व्यहोर्ने वा व्यहोर्नुपर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाई सार्वजनिक निकायले सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्न वा त्यस्तो समिति वा समुदाय आफैंले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने व्यवस्था रहेको छ । तर कार्यालयले यस वर्ष उपभोक्ता समितिबाट कार्य गराउँदा सम्झौताबाहेक सम्झौतापूर्वका उक्त प्रकृया पालना गरेको कागजात तथा आधार पेश हुन आएन । यसबाट विकास निर्माण कार्यमा उपभोक्ता समिति छनौटको आधार पारदर्शी र प्रतिस्पर्धात्मक तवरले भएको देखिएन । यसबाट निर्माण कार्यको समय, लागत र गुणस्तरमा असर पर्ने हुँदा उपभोक्ता समिति वा लाभग्राही समूह छनौट गर्दा उक्त नियमावलीको ब्यवस्था पालना गरी पारदर्शी र प्रतिस्पर्धात्मक तवरले गरिनुपर्दछ । | |
| ४५. | **खर्च अनुमोदन–** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल भरपाई र खर्च प्रमाणित गर्ने कागजात त्यस्तो समिति वा समूदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने ब्यवस्था छ । कार्यालयबाट सञ्चालित योजनाहरु उपभोक्ता समितिमार्फत सञ्चालन भएका र बिल भुक्तानीको लागि प्राविधिक मूल्याङ्कन पेश गर्ने गरेको भएता पनि अन्य बिल भरपाई र खर्च प्रमाणित गर्ने कागजातहरु समितिको पूर्ण बैठकबाट खर्च अनुमोदन गरेको प्रमाण र सार्वजनिक तथा सामाजिक लेखापरीक्षण गरी सोको प्रमाण पेश गर्ने गरेको छैन । कार्यालयले समेत अनुगमन समितिको खाली प्रतिवेदनमा हस्ताक्षर गरेको आधारमा खर्चको सुनिश्चितता यकिन गरी भुक्तानीको लागि पेश गर्ने गरेको अवस्था देखिन्छ । नियमको प्रावधानबमोजिम कागजात पेश गर्न लगाई खर्च थप पारदर्शी एवं यथार्थपरक बनाउनेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ । | |
| ४६. | **योजना हस्तान्तरण**ः निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारीसमेत तोकी योजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्नेमा कार्यालयबाट सञ्चालित बार्षिक विनियोजन भएका योजनाहरु उपभोक्ता समितिमार्फत सञ्चालन भएका सम्झौता अनुसारको कार्यको मात्र कार्य सम्पन्न प्रतिवेदन बनाई बार्षिक कार्यक्रम अनुसारको योजना सम्पन्न भएको यकिन गर्ने प्राविधिकहरुको प्रबृत्तिका कारण योजना पूर्ण रुपमा सम्पन्न हुने स्थिति नरहेको देखियो । योजनाहरु सम्पन्न भैसकेपश्चात समितिलाई नै हस्तान्तरण गर्नुपर्नेमा विगत वर्षदेखि सञ्चालन गरिएका योजना सम्बन्धित समुदायलाई मर्मत सम्भारको जिम्मेवारीसमेतको हस्तान्तरण गर्ने गरेको छैन । समयमा नै निर्माण कार्य सम्पन्न गरी आयोजनाहरुको स्वामित्व उपभोक्ता समिति मै रहने गरी हस्तान्तरण गर्ने कार्यमा सम्बन्धित निकायको ध्यान जानुपर्दछ । | |
| ४७. | **सार्वजनिक तथा सामाजिक परीक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवाप्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो बनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत | |

| | | |
|---|---|---|
| | सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाबाट बार्षिक सम्पन्न योजनाहरु कार्यालयको सेवाप्रबाह सम्बन्धमा सार्वजनिक सुनुवाई भएपनि सामाजिक परीक्षण भए गरेको पाईएन । ऐनले तोकेअनुसार कार्यान्वयन भएका योजनागत विकास निर्माणका कार्यको सार्वजनिक एवं सामाजिक परीक्षण गर्ने व्यवस्था सुरु गर्नुपर्ने देखिन्छ । | |
| ४८. | **गुणस्तर परीक्षणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेसिफिकेसन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनुपर्ने व्यवस्था छ । कार्यालयबाट निर्माण भएका संरचनाहरु खरिद गरिएका यन्त्र उपकरण, ल्यापटप ग्याबियन सिमेन्ट पाईप लगायतको भुक्तानी गर्दा सामानको गुणस्तर परीक्षण गरेको छैन । अतः खरिद भएको निर्माण सामाग्री लगायतका यन्त्र औजार लगायतका सामानहरुको गुणस्तर सम्बन्धमा सुनिश्चित गरिनुपर्दछ । | |
| ४९. | **योजना छनौट र कार्यान्वयन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । गाउँ सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७५/७६ को अध्ययन गर्दा नगरपालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । नगरपालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।<br><br>रु.१ लाख सम्म: २८; रु. १ देखि २ लाख सम्म: ३४; रु. ४ देखि ५ लाख सम्मका: ८०; रु. ५ देखि १० लाख सम्मका: २५; रु. १० लाख भन्दा बढिका: ११; जम्मा: १७८<br><br>उपरोक्त विवरण अनुसार नगरपालिकाले यस वर्ष रु २० हजार देखि रु.८१ लाख ५० सम्मका जम्मा १७८ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र २८ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट प्रतिफल भन्दा चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभवी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ । | |
| ५०. | **कन्टिन्जेन्सी खर्चको अभिलेख–** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने व्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ५ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन । | |
| ५१. | **उपभोक्ता समितिबाट निर्माण कार्यः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता | |

Table in ४९:

| रु.१ लाख सम्म | रु. १ देखि २ लाख सम्म | रु. ४ देखि ५ लाख सम्मका | रु. ५ देखि १० लाख सम्मका | रु. १० लाख भन्दा बढिका | जम्मा |
|---|---|---|---|---|---|
| २८ | ३४ | ८० | २५ | ११ | १७८ |

<table>
<tr><td></td><td>समितिबाट कार्य गराउदा सम्पूर्ण निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नुपर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर मेशिनको प्रयोग गर्न नहुने उल्लेख छ । नियमावलीको नियम ९७ (११) अनुसार उपभोक्ता समितिका लाभग्राही समुदायले निर्माण कार्य सम्पन्न गरिसकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको नापजाँच गराई त्यस्तो निकायबाट प्राप्त रकम र जनसहभागिताबाट व्यहोरिएको अंशसमेत कुलखर्चको विवरण सो निकायमा भुक्तानीको लागि पेश गर्नुपर्ने ब्यवस्था छ । कार्यालयले यस वर्ष समानीकरण तथा सशर्त अनुदान (पूँजीगत) तर्फ सञ्चालित कार्यक्रमको विनियोजन भएको बजेट अनुसारको योजनागत सम्झौता सम्पन्न भएको उल्लेख छ । कार्यालयले अभिलेखको रुपमा ई.नापी किताबमा निर्माण कार्यमा लोडर, एक्साभेटर लगायतका मेशिन प्रयोग गर्ने गरी स्वीकृत लागत अनुमान अनुसार उपभोक्ता समितिलाई गएको भुक्तानीतर्फको सम्झौता अंकबाट कुल मूल्याङ्कन भएको कामको मूल्यमा ८० प्रतिशत यकिन गरी सम्झौता भएअनुसारको पुरै रकम भुक्तानी दिई बिलको मुल्याङ्कनमा बाँकी हुन आउने रकम एकमुष्ट उपभोक्ताको तर्फबाट भएको श्रमदानको अंश भनि उल्लेख गरेको देखियो ।<br>यसरी मूल्याङ्कन गर्दा अधिकाशं योजनामा कुल काम कम देखिँदा उपभोक्ताको अंश न्यून देखिने अवस्था भएकाले स्वीकृत लागत अनुमानभन्दा वास्तविक कामको मूल्याङ्कन बिल अधिक देखाई कार्यालयबाट भुक्तानी हुने अंश पुरै भुक्तानी दिने र उपभोक्ताको अंश कम देखिने समस्यालाई टेवापुग्ने गरी लागत अनुमानभन्दा बढी कामको बिल बनाई पेश गर्ने गरेको अवस्था देखियो । उपभोक्ता समितिलाई भेरिएशन स्वीकृत गर्न नमिल्ने नियमावलीको व्यवस्था विपरीत प्राविधिकहरुले लागत अनुमानभन्दा बढीको उपभोक्ता समितिको कामको विल तयार गरी भुक्तानीका लागि सिफारिस गर्ने गरेकाले यस्तो प्रबृतिमा नियन्त्रण हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>५२.</td><td>पेश्की बाँकी: आर्थीक कार्यविधि २०७४ को नियम ७४ (३० मा पेश्की दिइएको रक म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पेश्की लिन एवं दिने दुबैले कर्तव्य हुने कुरा उल्लेख छ । देहाय अनुसारका व्यक्ति तथा संस्थाहरुको आर्थिक बर्षको अन्त्यमा बाँकी रहेको पेश्की लेखापरीक्षण अवधि सम्म पनि फछ्र्यौट नभएको हुदा नियमानुसार असुल फछ्र्यौट गर्नुपर्ने रु.<br>
<table>
<tr><th>भौ.नं./मिति</th><th>पेश्की लिने व्यक्ति तथा संस्था</th><th>प्रयोजन</th><th>रकम</th></tr>
<tr><td>०७६/३/३१</td><td>रतन बहादुर मालासी</td><td>कार्यालय सञ्चालन</td><td>४०००/-</td></tr>
<tr><td>०७६/१/१७</td><td>जे.आर.कन्स्ट्क्सन</td><td>मोविलाईजेशन</td><td>२०००००/-</td></tr>
<tr><td>०७६/३/३१</td><td>काफलखेला गत्याडी खा.पा.तथा स.स.उ.स</td><td>उपभोक्ता समिति</td><td>३१८२५९/-</td></tr>
<tr><td>०७६/३/२३</td><td>डोटी जिल्ला खेलकुद विकास समिति</td><td></td><td>१०००००/-</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>६२२२५९/-</td></tr>
</table></td><td>६२२२५९/-</td></tr>
<tr><td>५३.</td><td>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ताबाट कार्य गराउदा उपभोक्ता समिति वा लाभ ग्राही समुदायले व्यहोर्नु पर्नेमा रकम खुलाई सम्झौता गर्नु पर्दछ । एक्साभेटरबाट सडकको नयाँ ट्र्याक खोल्ने वा सडक सफा गर्ने कामको लागि उपभोक्ता र कार्यालय बीच सम्झौता भई कार्य सम्पन्न भएपछि उपभोक्ता</td><td></td></tr>
</table>

समितिले पेश गरेको केही विल भरपाई परीक्षण गर्दा तोकिएको परिमाणको कार्य गर्न एक्साभेटरको वास्तविक भाडा र इन्धन बाहेक खर्च भएको देखिदैन भने कार्य सम्पन्न भएको विलमा उपभोक्ताले श्रमदान गरेको वा मेशिनबाट भएको काम बाहेक श्रमको उपयोग गरेको देखिदैन । यसबाट कार्यालयले उपभोक्तासँग गरेको सम्झौता भन्दा न्युन दरमा काम सम्पन्न भएको देखिन्छ । कार्यालयले उपभोक्तालाई रकम भुक्तानी दिनु पूर्व खर्चभएको बास्तविक विल भपाई जाँच गरी वास्तविक खर्चमा उपभोक्ताले सम्झौता अनुसार व्यहोर्नुपर्ने २० प्रतिशत रकम कट्टी गरी रकम भुक्तानी दिनुपर्नेमा वास्तविक लागत भन्दा बढी र उपभोक्ताले व्यहोनु पर्ने रकम कट्टा नगरी रकम भुक्तानी दिदाँ गाँउपालिकालाई थप व्ययभार पर्न गएको देखियो । लेखापरीक्षणले नसमेटिएका यस्ताखालका भुक्तानी समेत तहाँबाट छानविन गरी उपभोक्तालाई बढी भुक्तानी भएको असुल गर्न र देहाय अनुसारका उपभोक्ताबाट वास्तविक खर्चको आधारमा बढी भुक्तानी भएको तथा उपभोक्ताको अशं समेत असुल गरी राजस्व दाखिला गर्नु पर्ने रु. ७२१५७१.३८

| गो.भौ.नं./मिति | उपभोक्ताको नाम | उपभोक्तालाई भुक्तानी भएको रकम | बास्तविक खर्च | बढी खर्च | उपभोक्ताको अंश | जम्मा |
|---|---|---|---|---|---|---|
| ५३३/०७६/३/५ | वडा नं.७ बाटो नि.उ.स | १००००० | १००१२० | (१२०) | २००२४ | १९९०४ |
| ५७२/०७६/३/३१ | खिरखोली सैन सडक नि.उ.स | १६९७७४५ | १६९९७४६ | ० | ३३९९४९.२ | ३३९९४९.२० |
| ३५९/०७६/१/२२ | वडा नं.२ सडक बाटो नि.उ.स. | ४००००० | २५११९९ | १४८८०१ | ५०२३९.८ | १९९०४०.८० |
| २४७/०७५/११/१५ | सिरखोली सैन सडक नि.उ.स. | ८१३३८७ | ८१३३८६.९ | ० | १६२६७७.३८ | १६२६७७.३८ |
| | | | | जम्मा | ६०५१०७.१ | ७२१५७१.३८ |

५४. **मूल्य अभिवृद्धि कर :** मूल्य अभिवृद्धि कर ऐन,२०५२ को दफा १७ मा मू.अ.करमा दर्ता भएको फर्मले रितपूर्वक विल जारी गर्नुपर्दछ । विल जारी नगरी रकम लिएमा भुक्तानी लिएको रकम भित्र रहेको मू.अ.कर रकम सम्बन्धित फर्मले आन्तरिक राजस्व कार्यालयमा दाखिला गर्नुपर्दछ । उपभोक्ता समितिले सडक निर्माण गर्ने सिलसिलामा प्रयोग गरेमा विभिन्न कम्पनीको एक्साभेटरका फर्मले एक्साभेटर डोजर प्रयोग गरे वापत सेतो कागजमा भरपाई दादै गरी उपभोक्तासँग रकम बुझेको देखियो । यसरी मू.अ.करमा दर्ता भएका फर्मले रितपूर्वकको कर विजक जारी नगर्दा नेपाल सरकारलाई प्राप्त हुनुपर्ने मू.अ.कर असुल नभएको देखियो । त्यस्ता एक्साभेटर एवं डोजरको भाडामा भाडा कर १० प्रतिशत कट्टी गर्ने गरेको पनि देखियो । उपभोक्ताले डोजरमा प्रयोग हुने तेल छुट्टै विलबाट खरिद गरी डोजरमा प्रयोग गरेको अवस्थामा नेपाल सरकारलाई प्राप्तहुनुपर्ने १३ प्रतिशत मू.अ.कर छुट भएको हुदाँ सम्बन्धित निर्माण व्यवासयी मार्फत छुट भएको मू.अ.कर ऐन, २०५२ अनुसारको मू.अ.करमा लाग्ने जरिवाना समेत हिसाव गरी छुटकर छानविन गरी असुल गर्नुपर्ने रु. ४०५६३६.०८

| भौ.नं.,मिति | उपभोक्ताको नाम | निर्माण व्यवसायी | डोजर भाडा | विल रकम | मू.अ.कर |
|---|---|---|---|---|---|
| ५५३/०७६/३/३० | देउगडा गुणे सडक नि.उ.स.(४५०७८६।) | पि.एस.कन्स्ट्रक्सन | ४५०००० | ३९८२३०.०८ | ५१७६९.९१ |
| ४८१/०७६/२/२९ | कुमानी कोट सडक नि.उ.स. | ओम मिसाइल कन्स्ट्रक्सन एण्ड | ४५६५८७ | ४०४०५९.३० | ५२५२७.७१ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | सप्लायर्स(६०२१४७२६४) | | | |
| ५३३/०७६/३/२३ | वडा नं.७ बाटो नि. उ.स. | भवानी जेसिबि सर्भिस(३००७९६३७५) | ६०००६ | ५३१०२.६५ | ६९०३.३५ |
| ३७५/०७६/१/२३ | पनेतोला गाउँ पलेबाट सडक नि.उ.स.(६९६८७०।) | ओम मिसाइल कन्स्ट्रक्सन एण्ड सप्लायर्स(६०२१४७२६४) | ४९९४५०.६५ | ४४१९९१.७३ | ५७४५८.९२ |
| १६५/०७५/१०/११ | रानुली पाकरी सडक नि. उ.स.(३१३२६१८।) | काफली टेक्नीकल इन्स्टीच्यूट(६०६८८९५९३) | १९९९८७० | १७६९७९६.४६ | २३००७३.५४ |
| १४३/०७५/३/२६ | चापला देवी छाउली पिपल सडक नि. उ.स. | जे.एम.कन्स्ट्रक्सन(३०२१०६४२४) | ६०००० | ५३०९७.३९ | ६९०२.६५ |
| | | | | **जम्मा** | **४०५६३६.०८** |

**५५.**

**योजना परिवर्तन :** नगरपालिकाले उपवलव्ध गराएको विवरण अनुसार देहायको योजनाहरु कार्यपालिकाको निर्णयले परिवर्तन गरेको  देखियो । संलग्न विरण अनुसार वडा नं.८ को विपद व्यवस्थापन कार्यक्रमबाट मोटरसाईकल मर्मत, फोटोकपी गरेको तथा वडा नं.६ को दैवि प्रकोप को लागि छुट्याईएको बजेटबाट बालवालिकालाई झोला वितरण,पदाधिकारीलाई छाला जुत्ता र रेनकोट वितरण गरेको देखियो । सम्मानित नगरसभाले विपत व्यवस्थापनको लागि छुट्याइएको वजेट व्यक्तिगत उपभोगमा वडाले आफुखुसी खर्च गर्ने र कार्यक्रमबाट नियमित गराउने प्रवृतिले आर्थिक अनुशासनको र कानुन विपरित खर्च गर्ने गरेको समेत देखियो । देहायका उल्लेख गरिएका बाहेक लेखापरीक्षणको क्रममा छनौट गरी परीक्षण गरिएका भौचरमा समेत वडा हरुले आफुखुसी तोकिएका योजना भन्दा थुप्रै योजनामा खर्च गरेको छन । त्यसतर्फ तहाँबाटै आवश्यक छानविन हुनुपर्ने र यस्तो खर्च गर्ने प्रबृत्तिमा नियन्त्रणात्मक विधि अपनाउनु पर्ने देखियो ।

| सि.नं. | सुरु कार्यक्रमको नाम (नगरसभावाट पास भएको) | वार्ड नं. | रकम | नगरकार्यपालिका बैठकको निर्णय मिति | परिवर्तन भएको कार्यक्रमको नाम | रकम |
|---|---|---|---|---|---|---|
| १ | महिला सिपमूल तालिम | ४ | २००००० | २०७६।०२।२३ | ईलेकटोनिक समान खरिद | २००००० |
| २ | महिला पौढ शिक्षा | ४ | १००००० | २०७६।०२।२३ | मुडा बनाउने कार्यक्रम | १००००० |
| ३ | डाटा संकन कार्यक्रम | २ | ५०००० | २०७६।०२।२३ | सरस्वति आधारभुत स्कुलको वाल निर्माण | ५०००० |
| ४ | नगर कप भलिबल प्रतियोगिता | ८ | ७०००० | २०७६।०२।२३ | वडा कार्यालयको सोलार मर्मत अन्य सहयोग | ५०००० |
| | | | | २०७६।०२।२३ | उद्योग वाणिज्य संघ लाई | १५००० |
| | | | | २०७६।०२।२३ | खेलकुद विकास समिति | ५००० |
| ५ | वार्ड नं. ८ को विपद व्यवस्थापन कार्यक्रम | ८ | ३००००० | २०७६।०२।२३ | सेटीगाउ सिमपानी इन्टेक निर्माण | ४०००० |
| | | | | २०७६।०२।२३ | फोटोकपी कार्यालय सामान खरिद | ५०००० |
| | | | | २०७६।०२।२३ | मोटर साइकल मर्मत | ३५००० |
| | | | | २०७६।०२।२३ | गोदाडा व्रमाडो खानृपानी पाईप खरिद | १२०००० |
| | | | | २०७६।०२।२३ | सार्वजनीक सुनुवाई को लागी विद्युत महसुल | ३०००० |
| | | | | २०७६।०२।२३ | विपद व्यवस्थापन कार्यक्रममा गरिएको खर्च | २५००० |
| ६ | पर्यटन सूचना केन्द्र स्थापना | ६ | ७५००० | २०७६।०२।२३ | वडा कार्यालयको लागि इलेक्टोनिक उपकरण | ७५००० |
| ७ | दैविक प्रकोप तथा | ६ | ३००००० | २०७६।०२।२३ | थाप्ला रोशन मलासीको घरअगाडी | ६०००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | विविध | | | | पर्खाल निर्माण | |
| | | | | २०७६।०२।२३ | खलङ्गा ईशा रायमझीको घरअगाडी पर्खाल निर्माण | २५००० |
| | | | | २०७६।०२।२३ | वालवालिका लाई झोला वितरण | २०००० |
| | | | | २०७६।०२।२३ | पद्धाधिकारीलार्य छाला जुत्ता तथा रेनकोट | ६०००० |
| | | | | २०७६।०२।२३ | वडा कार्यालयको लागि ईलेक्टोीनक उपकरण | २५००० |
| | | | | २०७६।०२।२३ | वडा कार्यलय व्यवस्थापनका लागि सामाग्री खरिद | २५००० |
| | | | | २०७६।०२।२३ | वाकी रकम दैविक प्रकोप तथा विविध कार्यक्रममा खर्च गरिएको | ८५००० |
| | वडा सरसफाई कार्यक्रम | ६ | २००००० | २०७६।०२।२३ | किरण श्रेष्ठको घर अगाडी ढल निर्माण | १२५००० |
| | | | | | वाकी रकम वडा सरसफाई कार्यक्रममा खर्च | ७५००० |
| | बैठक भत्ता पाउने कार्यक्रम | ६ | २७०००० | २०७६।०२।२३ | वडा अनुगमन तथा सुपरीवेक्षणका लागि | ३५००० |
| | | | | २०७६।०२।२३ | वाकी रकम बैठक भत्तामा खर्च गरिएको | २३५००० |
| ८ | उडितोला पाकरी खानेपानी | ७ | ५००००० | २०७६।०२।२३ | रातोली पाकरी सेतिनदी सडकमा | ५००००० |
| | अवलोकन भ्रमण कार्यक्रम | | ३८२००० | २०७६।०१।१६ | मेलमिलापकर्ताको सुचीकृत गर्ने कार्यक्रम | ३८२००० |
| ९ | तल्लो कलेना देखि काडागाउ सडक | ९ | ३००००० | | देउगडा देखि गुडे सडकमा निर्माण | ३००००० |
| १० | सिलाकटाई तालीम कार्यक्रम | ९ | १००००० | | ल्यापटप प्रिन्टर तथा फोटोकपी खरिद | १००००० |
| ११ | रामडे नानीगाड सडक निर्माण | ५ | १००००० | | पाईप खरिद | १००००० |
| १२ | शहरी स्वास्थ्य केन्द्रको कार्यक्रम | ५ | ८००००० | | महेन्द्र आधारभुत विद्यालयको वाल निर्माण | ८००००० |
| | | जम्मा | ३७४७००० | | जम्मा | ३७४७००० |

**५६.** निम्न अनुसारका वडा सचिवहरुले विभिन्न सामान खरिद गरे वापत भुक्तानी लिएकोमा सामान पालिकामा दाखिला भएको प्रमाण पेश नभएकोले उक्त सामान पालिकामा दाखिला हुनुपर्ने अन्यथा असुल उपर हुनुपर्ने रु. २००३४४/-

| **भौ.नं./मिति** | **वडा सचिवको नाम** | **सामान आपूर्तको नाम** | **सामानको विवरण** | **भुक्तानी रकम** |
|---|---|---|---|---|
| ५३१/०७६/३/२५ | ७ नं.खड्क ब.खड्का | किरण ट्रेड एण्ड सप्लायर्स | क्यानन प्रिन्टर १ ल्यापटप १ | १०००००.०० |
| ५३०/०७६/३/२५ | ५ नं.कैलास सिंह रायमाझी | वि.एस ट्रेडर्स एण्ड सप्लायर्स | ६२० मीटर HDEP pipe | १००३४४.०० |
| | | | **जम्मा** | **२००३४४/-** |

**५७.** ५२२।०७६।३।२५ घसिना खोला लडागडा खानेपानी योजना उपभोक्ता समितिलाई योजना सम्पन्न गरेवापत तीन गोश्वारा भौचरबाट रु.४०१३५२१।६० रकम भुक्तानी दिएको छ । उपभोक्ताले पेश गरेको फाँटवारीमा पाईपलाईन खनेको र पुरेको २९६१ घनमीटर रहेको छ । २९६१ घनमीटरको नापी अनुसार ७३११.११ रनिङ्ग मीटर हुने देखिन्छ । सोही विलमा ७५००। मीटर पाईप प्रयोग भएको देखाएकोले १८८ मीटर पाईप बढी खर्च देखाई प्रति

| | | |
|---|---|---|
| | मीटर रु.४५७.५१ दरले हुने रु.८६०११।८८ उपभोक्तालाई बढी भुक्तानी दिएको छ। उपभोक्तालाई प्रयोग भन्दा बढीको पाईप खर्च उपलव्ध गराएकोमा उपभोक्ताको योगदानको अनुपातिक कट्टी गरी उपभोक्ताबाट बढी भुक्तानी रकम असुल गर्नुपर्ने रु. | ८६०११/८८ |
| **५८.** | ५४०।०७६।३।२५ सामुदायिक विकासका लागि सहकार्य नेपाल(३०२२७५१००) लाई नगरपालिकाको प्रोफाइल तथा गुरु योजना तयार गरेवापत मू.अ.कर सहित रु.३४९१०००। भुक्तानी दिएकोमा निम्नानुसार कैफियत देखिएको छ । | |
| **५८.१.** | सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ७० मा रु.२० लाख भन्दा बढी लागत अनुमान भएको परामर्शको काममा खुला रुपमा आसयपत्र माग गरी संक्षिप्त सुचि तयार गर्नुपर्ने र नियम ७१ अनुसार प्रस्ताव माग गरी सोही नियम अनुसार प्रकृया अवलम्बन गरी परामर्श दाता छनौट गर्नुपर्ने व्यवस्था छ । कार्यालयले २०७५।१।३० मा परामर्शदाताको सुचना प्रकासित गरिएकोमा एकमात्र परामर्शदाताको निवेदन पर्न आएको मा त्यसैलाई मिति २०७५।१।२० को मूल्याङ्कन समितिले नियम ७१ अनुसारको प्रकृया वेगर नै सिफारिस गरी परामर्शदाता छनौट गर्नु नियम सम्मत देखिएन । | |
| **५८.२.** | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा परामर्श सेवाको लागत अनुमान तयार गर्दा नियम ९ अनुसार गर्नुपर्ने र लागत अनुमान अनुसूची १(क) अनुसार गर्नुपर्ने उल्लेख छ । कार्यालयको लागत अनुमान तयार नगरी सुचना प्रकाशित गरेको र परामर्शदाताले पेश गरेको दररेटलाई स्वीकृती दिनु कानुन सम्मत देखिएन । कानुन विपरीत वोलपत्रको मूल्याङ्कन स्वीकृतको सिफारिस गर्ने र स्वीकृत गर्ने कार्मचारीलाई जिम्मेवार बनाउनु पर्दछ । | |
| **५९.** | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११०(१) मा सम्झौता हुदाँ ५ प्रतिशतको दरले परफरमेन्स वण्ड दाखिला गर्नुपर्ने व्यवस्था छ । परामर्शदाताले परफरमेन्स वण्ड दाखिला नगरी सम्झौता गरेको र परामर्शदातालाई रु.१०,००,०००। पेश्की समेत दिएको देखिदा उक्त कार्य नियम सम्मत देखिएन । | |
| **६०.** | ४४०।०७६।३।१ शैलेश्वरी मन्दिर परिसरभित्र आर सि.सि.स्ट्रमभरको बाघ सहित देविको मुर्ति स्थापना गर्न स्टोन मेशिनरी बाल र फाउण्डेसनको लागि मूर्तिस्थल निर्माण उपभोक्ता समितिसँग सम्झौता गरी रु.३२२७३५३। भुक्तानी दिएको छ। संलग्न फाँटवारीमा १:४ को स्टोन मेशिनरीबाल २८९.४० घन मीटर लगाएको उल्लेख छ। उपभोक्ताले उक्त कामको लागि ५५० बोरा मात्र सिमेन्ट खरिद गरी प्रयोग गरेको देखियो । विलमा उल्लेख भएको २८९.४० घन मीटर बाल लगाउन दर विश्लेषण अनुसार प्रतिघनमीटर ३.१८ बोरा सिमेन्ट को दरले ९२०.२९ बोरा लाग्नेमा ५५० बोरा मात्र खरिद गरेको देखिदाँ निर्माण भएको संरचनामा गुणस्तर युक्त भएको भन्न सक्ने आधार भएन । साथै वालमा फाउण्डेशनमा १:२:४ को आर सि.सि.काम २०.८३ घनमीटर गरेकोमा दरविश्लेषणमा अधिकतम १.२ प्रतिशत आइरन हुने उल्लेख भए अनुसार १९६२.१८ के.जी मात्र आइरन प्रयोग गर्नुपर्नेमा २३२५।१२ केजी आइरन प्रयोग गरेको देखिदा ३६२.९६ केजी बढी आइरनको प्रतिकेजी रु.१२४ को दरले हुने रु.४५००७।५३ बढी भुक्तानी भएको उपभोक्ता समितिसँग असुल उपर गर्नु पर्ने रु. | ४५००७/५३ |

<table>
<tr><td>६१.</td><td>५५५।०७६।३।२५ कार्यालयमा सामान खरिद गरिसके पछि सामानको तोकिए बमोजिम स्पेसिफिकेशन अनुरुप भए नभएको जाँच गरी दाखिला गर्नुपर्ने र दाखिला भएपछि मात्र सम्बन्धित फर्मलाई रकम भुक्तानी दिनुपर्दछ। स्मार्ट लिभिङ्ग टेम्को प्रा.लिबाट २ थान स्यानिटरी प्याड मेशिन र ८० पिस स्मार्ट कार्ड खरिद गरेवापत रु.२१२४४०। भुक्तानी दिएको उक्त मेशिनको प्रयोगको अवस्था एवं दाखिला प्रमाण पेश नभएकोले सोको प्रमाण पेश हुनुपर्ने रु.</td><td>२१२४४०/-</td></tr>
<tr><td>६२.</td><td>निम्न भौ नं. र मितिबाट एच डिपि पाईप फिटिङ्ग सामाग्री सिमेन्ट लगायत खरिद गरेकोमा उक्त पाईप दाखिला भए पनि कहाँ प्रयोग भएको हो सोको नापी एवं कार्य सम्पन्न प्रतिवेदन पशे नभएको रु.
<table>
<tr><th>गो.भौ.नं./मिति</th><th>आपुर्तकको नाम</th><th>भुक्तानी</th></tr>
<tr><td>५५०/०७६/३/२५</td><td>वि.एस.ट्रेडर्स</td><td>२९२२८२</td></tr>
<tr><td>५४९/०७६/३/२५</td><td>बड्डा सप्लायर्स</td><td>१४२३७२</td></tr>
<tr><td>५४६/०७६/३/२५</td><td>वि.एस.ट्रेडर्स</td><td>४९४९४०</td></tr>
<tr><td></td><td>जम्मा</td><td>९२९५९४/-</td></tr>
</table></td><td>९२९५९४/-</td></tr>
<tr><td>६३.</td><td>तेस्रो नगर सभा अधिवेसनले नगरपालिका क्षेत्र भित्र ९ वटै वडालाई दैनिक प्रशासनिक खर्च एवं वडा स्तरिय आयोजनाको लागि बजेट व्यवस्थापन गरेको देखियो । प्रशासनिक सरलिकरणको लागि वडागत योजना गत बजेट छुट्याईएपनि खर्चको पद्धति एवं तरिका आर्थिक ऐन नियम तथा स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को अधिनमानै रही गर्नुपर्दछ । सम्बन्धित योजनामा छुट्याईएको योजना गत बजेट परिवर्तन गर्नुपर्ने भएमा तोकिएको बजेटको सिमा भित्र रही पूर्व निर्धारित योजना सम्पन्न गर्न नसकिने पर्याप्त आधार भएमा मात्र कार्यापालिका बैठकबाट निर्णय गराई पौषमा बस्ने अर्धबार्षिक नगरसभा तथा बर्षको अन्त्यमा हुने बजेट सभाबाट अनुमोदन गराउन सकिने व्यवस्था छ। लेखापरीक्षणको क्रममा केही खर्च भौचर परीक्षण गर्दा वडामा वडा बैठकले कार्यपालिकाबाट अनुमोदन गर्नेगरी विना आधार र कारण योजना परिवर्तन गरी आफुखुसी परिवर्तन गर्ने, थप गर्ने, हटाउने जस्ता कार्य गरेको देखियो । र कार्यपालिकामा बैठक तथा नगरसभाबाट परिवर्तन, थप घट गरेको योजना नतोकि एकमुष्ट वडाहरुले गरेको निर्णय अनुमोदन गर्ने परम्परा देखियो । यसबाट आर्थिक अनुशासन परिपालन हुन सक्ने देखिएन साथै कानुनको बर्खिलाप गर्ने गरेको देखियो । नगरसभाबाट छनौट भएका योजना मध्ये के कुन योजना के कति कारणले परिवर्तन भएर के कति थप घट भए, के कुन विधिबाट परिवर्तन, थपघट भयो सोको छानविन नगरपालिकाबाटै गरी त्यसको असरबारे प्रतिवेदन हुनुपर्ने देखिन आयो। लेखापरीक्षणको समय सिमा र नगपालिकाबाट अनुगमन तथ्याङ्क प्राप्त हुन नसकेको हुदाँ यसको प्रभावबारे तहाँबाटै छानविन गरी मूल्यांकन सहितको जवाफ पेश हुनुपर्दछ।</td><td></td></tr>
<tr><td>६४.</td><td>वडा गत खर्च : वडाको लागि प्रशासनिक खर्चकोलागि छुट्याईएको वजेट मध्ये प्रत्येक वडाले आवश्यक पर्ने फर्निचर,ल्यापटप,कम्प्युटर,प्रिल्टर,स्टेशनरी,पाईप,निर्माण सामाग्री आफै व्यक्ति मार्फत खरिद गर्ने र नगरपालिकामाबाट सोधभर्ना लिने गरेको देखियो । परीक्षण गरिएका केही भौचरमा खरिद गरिएका सामान पालिकामा दाखिला भएको छैन। र त्यसको दाखिला र प्रयोगबारे परीक्षण गर्न सकिएन। लेखापरीक्षणको क्रममा व्यहोरा औल्याइएको बाहेक  अन्य खर्चहरु तहाँबाटै पूर्ण रुपमा छानविन गरी खर्चको उपयोग, खरिद गरिएमा</td><td></td></tr>
</table>

सामानको दाखिला एवं संरक्षण र दाखिला नगरी व्यक्तिगत प्रयोजनमा खर्च गरेको भए छानविन गरी आवस्यक कारबाही हुनुपर्दछ । आर्थिक अनुशासन कायम राखी मितव्ययीता अपनाउन वडाहरुबाट खरिद नगरी एकद्धार खरिद प्रणालीबाट सामान खरिद गरी केन्द्रिय दाखिला एवं भुक्तानी र नियन्त्रणमा प्रभावकारी कदम चाल्नुपर्ने देखियो ।

६५. **कार्यालय सामग्री खरिद :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८६(घ) अनुसार कार्यालयले सोझै खरिद गर्दा प्रस्तावित व्यवसायी वा आपूर्तिकर्ताबाट प्रस्ताव गरिएको मूल्य उचित भए नभएको एकिन गर्नुपर्दछ । कार्यालयले विविध कार्यालय सामग्री खरिदको बिल भुक्तानी गर्दा सम्बन्धित फर्म वा व्यवसायीलाई सिधै भुक्तानी नगरी, कर्मचारीहरुलाई पेश्की दिएको वा कर्मचारीहरुबाट स्वयम् खरिद गरी सोको बिल रकम, कार्यालयले नीजहरुलाई भुक्तानी गरेको छ । नियमावलीको नियम ८६(घ) को व्यवस्थाको विपरित व्यवसायी वा आपूर्तिकार्ताको मूल्य उचित भए नभएको यकिन नगरी कर्मचारी स्वयम्ले सामग्री खरिद गरी सोको भुक्तानी आफैं बुझिलिने परम्पराले आर्थिक अनुसाशनमा प्रश्न गर्नुपर्ने स्थिती रह्यो । तसर्थ कार्यालयले सामान खरिद गर्दा सिधै आपूर्तिकर्तालाई भुक्तानी दिने प्रबन्ध गर्नुपर्दछ । यसका केही उदाहरण देहाय अनुसार छन् ।

| भौ.नं/मिति | भुक्तानी बुझिलिने | रकम |
|---|---|---|
| ७०८/२०७६/३/३१ | सवारी चालक, भक्त बहादुर धामी | १५१०६१.० |
| ५३६/२०७६/३/१ | सामाजिक विकास अधिकृत, रमेशचन्द्र जोशी | ३३५६०.० |
| ५१५/२०७६/२/२४ | ना.सु, तेजराज भट्ट | ३५८७०.० |
| ४६४/२०७६/१/२२ | ना.सु, तेजराज भट्ट | ५०४४०.० |
| ४०९/२०७५/१२/१३ | ना.सु, तेजराज भट्ट | ३८०१९.० |
| ३५५/२०७५/११/९ | ना.सु, तेजराज भट्ट | ७१७००.० |
| ३४२/२०७६/११/१ | ना.सु, तेजराज भट्ट | २१७००.० |
| ३२२/२०७६/१०/२० | ना.सु, तेजराज भट्ट | ९५७१५.० |
| १८/२०७६/३/२५ | ना.सु, तेजराज भट्ट | १५९४००.० |
| | **जम्मा** | **६५७४६५.०** |

**सांसद विकास कोष**

६६. १५।०७६।२।२५ बेल्तडा सिचाई योजना उ.सलाई सिचाई योजनाको कार्य सम्पन्न गरेवापत उपभोक्ताको अशं कटाई रु.१५०००००। भुक्तानी दिएको छ । उपभोक्ताले पेश गरेको फाँटवारीमा बड्डा सप्लायर्सबाट २×१×१ साइजको २७ र १.५×१×१ साईजको ५० गोटा ग्याबियन बक्स खरिद गरेको देखियो । खरिद बिल अनुसार १२२ घनमीटरमात्र ठेक्का विलमा राख्नुपर्नेमा १२९ घनमीटर राखी ७ घनमीटर बढीको भुक्तानी लिएको देखियो । प्रतिघन मीटर रु.४६३। को दरले रु.३२४५२। बढी फिटिङ्ग खर्च लिएको देखिदा बढी लिएको रकम उपभोक्ताको अनुपातिक कट्टी गरी उपभोक्तासँग असुल गर्नुपर्ने रु.

३२४५२/-

**दैनिक भ्रमण भत्ता तथा पदाधिकारी सुबिधा सम्बन्धी खर्चको लेखापरीक्षणबाट देखिएका व्यहोरा**

६७. **भ्रमण खर्च :** सुदुर पश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् :

- अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।
- नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।
- भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।

अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।

६८. **न्यायिक समिती बैठक :** सुदुर पश्चिम प्रदेशका स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन, २०७५ को दफा १२ मा स्थानीय तहका पदाधिकारी तथा सदस्यले उक्त ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा लिन पाउने छैनन् भनी उल्लेख गरेको छ । कार्यालयले न्यायिक समिती बैठक भत्ता बापत विभिन्न भौचरबाट देहायका पदाधिकारीलाई निम्नानुसारको रकम भुक्तानी गरेकोमा, न्यायिक समिती बैठकबापत सुविधा पाउने व्यवस्था कानुनमा उल्लेख नरहेकोले, कार्यालयले कानुन विपरितको सेवा,सुविधा भुक्तानी लिने कार्य नियमसंगत देखिएन ।

| पद | नाम | रकम (करकट्टी बाहेक) |
|---|---|---|
| न्यायिक समिती संयोजक | शिवराज खड्का | २८५००.० |
| न्यायिक समिती सदस्य | चन्द्र बहादुर कुन्जेल | २८५००.० |
| न्यायिक समिती सदस्य | लक्ष्मी वादी | २८५००.० |

६९. कार्यालयले पदाधिकारीहरुको पारिश्रमिक लगायतको सुविधा भुक्तानी दिदा चालु खर्चबाट खर्च लेख्नु पर्दछ । सुदुपश्चिम प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन,२०७५ को अनुसूची १ बमोजिम बाहेक बैठक भत्ता लिनपाउने समेत देखिदैन । वडा नं.२ को योजनाको लागि छुट्याईएको बजेटबाट नियम अनुसारका पदाधिकारीले नपाउने बैठक भत्ता बुझिलिएको हुदाँ निजहरुलाई जिम्मेवार बनाई कर कट्टी गरी बाँकी रहेको रकम असुल गर्नुपर्ने रु. ९८१७५/-

| सि.नं. | पदाधिकारीको नाम | बैठक संख्या | भुक्तानी रकम | कर कट्टी | खुद भुक्तानी |
|---|---|---|---|---|---|
| १. | राजेन्द्र खड्का | ११ | १६५०० | २४७५ | १४०२५ |

| | | | | | |
|---|---|---|---|---|---|
| २. | मनसरा वोगटी | ११ | १६५०० | २४७५ | १४०२५ |
| ३. | देउसरा सुनार | ११ | १६५०० | २४७५ | १४०२५ |
| ४. | चक्र अगुवाद | ११ | १६५०० | २४७५ | १४०२५ |
| ५. | कृष्ण कठायत | ११ | १६५०० | २४७५ | १४०२५ |
| ६. | पार्वती थापा | ११ | १६५०० | २४७५ | १४०२५ |
| ७. | सुमित्रा श्रेष्ठ | ६ | ९००० | १३५० | ७६५० |
| ८. | विष्णु पनेरु | ५ | ७५०० | ११२५ | ६३७५ |
| | | | | जम्मा | ९८१७५/- |

| | | |
|---|---|---|
| ७०. | ३७६।०७६।१।२३ बजार अनुगमन वापत कार्यक्रम गर्न सोहना जोसीले लिएको पेश्की रु.११००००। फछ्र्यौटसँग सम्बन्धित फाँटवारीमा दिपायल बजारमा वजार अनुगमन गरेको मा प्रमुख जिल्ला अधिकारी लगायतका पदाधिकारीको उपस्थिति सहितको प्रमाण भएको र त्यसमा खर्च भएको रु.२२०००। बाहेक अन्यत्र बजार अनुगमनको प्रमाण वेगर अनुगमन भत्ता र खाजा वापतको रकम खर्च लेख्न पाउने आधार प्रमाण नभएकोले रु.८८०००। खर्चको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल गर्नुपर्ने रु. | ८८०००/- |
| ७१. | १३१(क)।०७५।७१९ विशेष कार्यको लागि गठित समितिका पदाधिकारीहरुको आफ्नो कार्य क्षेत्र भित्र रहेर कार्य गर्नुपर्ने व्यवस्था रहेकोमा बजार अनुगमन भनि न्यायिक समितिको पदाधिकारी तथा अन्य व्यक्ति सम्मिलित १२ जनाको समुहले बजार अनुगमन गरेको भनि रु.१२०००। भत्ता बुझेकोले सो बजार अनुगमनबाट भएका विषयको प्रतिवेदन नगरी समितिका पदाधिकारी बाहेक अन्य व्यक्तिहरुले भत्ता बुझेको देखिएकोले समिति बाहेकका पदाधिकारीले भत्ता बुझेकोले सोको प्रतिवेदन पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु. | १२०००/- |
| ७२. | अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका, २०७५ को परिच्छेद ७ को ७.१.१ मा कानून अनुसार गठन भएका समितिहरुको बैठकका लागि मात्र भत्ता प्रदान गरिने तथा बैठकमा आमन्त्रीत सदस्यका रुपमा थप व्यक्तिहरु राख्न नपाउने व्यवस्था उल्लेख छ । विषयगत समितिका पदाधिकारी बाहेक अन्य व्यक्तिहरुले भत्ता उपभोग गर्न नपाउने भए पनि नगरपालिकाको न्यायिक समितिको बैठकमा अन्य उपस्थितहरुलाई भत्ता वितरण गरेको देखियो । समितिका पदाधिकारी बाहेक देहायका अन्य व्यक्तिलाई भुक्तानी भएको भत्ता निजहरुबाट असुल गरी दाखिला गर्नुपर्ने रु. | ८६३२५/- |

| **भौनं.र मिति** | **नाम थर** | **पद** | **रकम** |
|---|---|---|---|
| १३०।०७५।७१९ | भोजराज शर्मा | नि.प्र.प्र.अ. | १२७५ |
| | नवराज भट्ट | कानूनी सल्लाहकार | १२७५ |
| | लोकेन्द्र राज जोशी | ना.सु | १२७५ |
| | सोहना जोशी | नि.उजुरी प्रशासक | १२७५ |
| | डम्मरी विष्ट | आ.वि.स.सदस्य | १२७५ |
| | बसन्त थापा | को.ले.नि.का.प्रतिनिधी | १२७५ |
| | लक्ष्मी राज ओझा | शिक्षा इकाई प्रमुख | १२७५ |
| | तेज विक्रम शाही | स्वास्थ्य इकाई प्रमुख | १२७५ |
| | अवन राज श्रेष्ठ | पशु सेवा इकाई प्रमुख | १२७५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | सुरेन्द्र भट्ट | जिल्ला प्रशासन प्रतिनिधी | १२७५ | | |
| | | नृप बोहरा | जि.प्र.का प्रतिनिधी | १२७५ | | |
| | | चक्र ब.माझी | वडा अध्यक्ष | १२७५ | | |
| | | **दोस्रो बैठक** | | **०** | | |
| | | नवराज भट्ट | कानूनी सल्लाहकार | **६३७५** | | |
| | | लोकेन्द्र राज जोशी | ना.सु | ५१०० | | |
| | | सोहना जोशी | नि.उजुरी प्रशासक | १२७५ | | |
| | | डम्मरी विष्ट | आ.वि.स.सदस्य | १२७५ | | |
| | ४९१/०७५/१२/२५,३६९/०७५/१०/२८,३५४/०७५/११/१० | का.सल्लाहकार | नवराज भट्ट | २१००० | | |
| | | ना.सु | तेजराज भट्ट | १६५०० | | |
| | | न्यायिक समिति सहयोगी | कर्ण ब.रावल | १३५०० | | |
| | | नि.उजुरी प्रशासक | सोहना जोशी | ४५०० | | |
| | | ना.सु | लोकेन्द्र राज जोशी | १५०० | | |
| | | | जम्मा | ८६३२५/- | | |

**७३.** **अनुगमन भत्ता :२८,३२।०७६।३।३** :कार्यालयका पदाधिकारी तथा कर्मचारीले नियमित कामहरुमा अनुगमन सुपरीवेक्षण गरेवापत भत्ताखर्च लेख्नपाइने व्यवस्था गरेको छैन ।नगरपालिकाका निम्नानुसारका पदाधिकारी तथा कर्मचारीहरुले वार्ड न ३,५,९ मा विभिन्न मितिमा  अनुगमन गरे वापत  भत्ता लिएको  देखिएकोले उक्त भत्ता लिन पाउने नदेखिदा निजहरुवाट असुल उपर गर्नुपर्ने  रु

२४२२५/-

| सि. नं | नाम थर | दिन | दर | जम्मा | कर कट्टी | खुद असुल हुनुपर्ने रकम |
|---|---|---|---|---|---|---|
| १. | प्र.प्र.अ. भोजराज शर्मा | ३ | १५०० | ४५०० | ६७५ | ३८२५ |
| २. | पोषण संयोजक हिरामाया मलासी | ३ | १५०० | ४५०० | ६७५ | ३८२५ |
| ३. | सं व्य. रमेशचन्द्र जोशी | ३ | १५०० | ४५०० | ६७५ | ३८२५ |
| ४. | योगेन्द्र व.खडका | ३ | १५०० | ४५०० | ६७५ | ३८२५ |
| ५. | वडा अध्यक्ष मदन भण्डारी | २ | १५०० | ३००० | ४५० | २५५० |
| ६. | वडा अध्यक्ष धर्म वहादुर साउद | १ | १५०० | १५०० | २२५ | १२७५ |
| ७. | लोक व. वोहरा | ३ | १५०० | ४५०० | ६७५ | ३८२५ |
| ८. | सोहना जोशी | १ | १५०० | १५०० | २२५ | १२७५ |
| | | | | | जम्मा | २४२२५/- |

**७४.**

**स्वकीय सचिव/सल्लाहकार** : सुदुर पश्चिम प्रदेश अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ मा यस प्रदेश भरका स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव/सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा

<table>
<tr><td></td><td>तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्ननहुने उल्लेख छ । तर नगर प्रमुखको स्वकीय सचिव श्री रविन्द्र प्रसाद जोशी तथा उपप्रमखको न्यायीक समितिको सहयोगीका रुपमा श्री  कर्ण बहादुर रावललाई नियुक्त गरी रु.३,९६,०००। भुक्तानी भएको छ । यसरी कानून विपरित स्वकीय सचिव/सल्लाहकार नियुक्ती गरी खर्च लेख्ने पदाधिकारीबाट असूल गरी स्थानीय संचित कोष दाखिला गर्नुपर्ने रु.</td><td>३९६०००/-</td></tr>
<tr><td>७५.</td><td>वडा कार्यालयबाट भएको खर्च : नगरपालिकाले  वडा कार्यालयलाई जम्मा रु.६५,९७,४०७। भुक्तानी दिएको छ । वडा कार्यालयसँग सम्बन्धित खर्चहरु नगर कार्यपालिकाबाट भुक्तानी भईरहेको अवस्थामा वडा कार्यालयबाट थप बैठक भत्ता, जिन्सी सामान खरिद, अनुगमन/भ्रमण लगायतका कार्यमा खर्च भएका छन् । यसरी वडागत रुपमा खर्च गर्दा जिन्सी विवरण अद्यावधिक नभएको, वडा कार्यालयको खर्चमा एकरुपता नदेखिएको तथा नगरपालिका र वडा कार्यालयबाट एउटै काममा दोहोरो खर्च हुन सक्ने जोखिम समेत देखिएकाले दुई निकायबाट खर्च गर्ने परिपाटी नियन्त्रण गरी खर्चमा एकद्वार पद्धति कायम गर्न ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>७६.</td><td>स्थानीय तहका पदाधिकारी सुविधा : नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने व्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार नगरपालिकाबाट देहाय बमोजिम रु.६१,३०,८००/- सुविधा वापत भुक्तानी भएको छ ।
<table>
<tr><td>सि.नं</td><td>विवरण</td><td>प्रमुख</td><td>उपप्रमुख</td><td>वडा अध्यक्ष ९ जना</td><td>कार्यपालिका सदस्य ८ जना</td><td>सभाका सदस्य २९ जना</td><td>जम्मा</td></tr>
<tr><td>१.</td><td>मासिक सुविधा</td><td>४२००००</td><td>३६००००</td><td>२३७६०००</td><td>८१००००</td><td>२०५२०००</td><td>६०१८०००</td></tr>
<tr><td>२.</td><td>सञ्चार सुविधा (मासिक दरमा)</td><td>१९२००</td><td>१८०००</td><td>७५६००</td><td>०</td><td>०</td><td>११२८००</td></tr>
<tr><td colspan="7" align="right">जम्मा</td><td>६१३०८००/-</td></tr>
</table></td><td></td></tr>
<tr><td>७७.</td><td>पदाधिकारी अन्य सुविधाः सुदुरपश्चिम प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुबिधा सम्बन्धी ऐन, २०७५ को दफा १२ मा ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा लिन नपाइने व्यवस्था छ । नगरपालिकाले ऐनले तोकेको सुबिधा वाहेक बर्ष भरी बैठक भत्ता रु.२९,४३,५००। सुविधा खर्च लेखेको देखियो । यसरी ऐनमा व्यवस्था नभई लिएको उक्त रकम नियम संगत नदेखिएको रु.</td><td>२९४३५००/-</td></tr>
<tr><td>७८.</td><td>पदाधिकारीको दशै खर्च : सुदुरपश्चिम प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुबिधाको सम्बन्धी ऐन, २०७५ को दफा १२ मा ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा लिन नपाइने व्यवस्था छ । गाउँपालिकाले ऐनले तोकेको सुबिधावाहेक दशै भत्ता रु.५,०१,५००/ खर्च लेखेको देखियो । यसरी ऐनमा व्यवस्था नभई लिएको उक्त रकम नियम संगत नदेखिएको रु.</td><td>५०१५००/</td></tr>
</table>

**७९.** **आर्थिक सहायता :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम नगरपालिकाले आफ्नो कार्यक्षेत्र भित्र कार्य गर्ने आवश्यक पेर्ने ऐन, नियम, निर्देशिका, कार्यविधि बनाई स्थानीय राजपत्रमा प्रकाशित गर्नुपर्ने व्यवस्था छ । तर नगरपालिकाले यस प्रकारको कुनै पनि कानून तथा कार्यविधि बेगर विलभरपाईका आधारमा स्थानीय उद्दार, राहात तथा पुनःस्थापना, विपन्न वर्गलाई औषधि उपचार लगायतकाका कार्यमा आर्थिक सहायता उपलब्ध गराएको छ । यसरी खर्चको विल भरपाई राखी गाउँ कार्यपालिकाको विभिन्न मितिको निर्णय अनुसार रु.५०० देखि रु.२०,०००। सम्म जम्मा रु.९,०८,३००। आर्थिक सहायता वितरण गरेको छ । यस्तो सहयोग उपलब्ध गराउँदा आवश्यक कानून तथा कार्यविधि बनाई सोको आधारमा सदुपयोग हुने गरी वितरण गर्नेतर्फ समेत ध्यान दिनु पर्दछ ।

**८०.** **सवारी मर्मत :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८६(घ) अनुसार कार्यालयले सोझै खरिद गर्दा प्रस्तावित व्यवसायी वा आपूर्तिकर्ताबाट प्रस्ताव गरिएको मूल्य उचित भए नभएको एकिन गर्नुपर्दछ । कार्यालयले सवारी मर्मतको रकम भुक्तानी गर्दा सम्बन्धित फर्म वा व्यवसायीलाई सिधै भुक्तानी नगरी, सवारी चालकलाई पेश्की दिएको वा नीजहरुबाट स्वयम् मर्मत गराई सोको बिल रकम, कार्यालयले नीजहरुलाई भुक्तानी गरेको छ । नियमावलीको नियम ८६(घ) को व्यवस्थाको पालना नगरी सवारी साधन मर्मतकर्ताको मूल्य उचित भए नभएको यकिन नगरी सवारी चालकले सवारी मर्मत गराई सोको भुक्तानी आफैं बुझिलिनु नियमसम्मत देखिएन । यसका केही उदाहरण देहाय अनुसार छन् ।

| भौ.नं/मिति | भुक्तानी बुझिलिने | रकम |
|---|---|---|
| ५३९/२०७६/३/१ | सवारी चालक, खेमराज ढकाल | १२५००.० |
| ५५४/२०७६/३/४ | सवारी चालक, केशव मल्ल | ९३२२२.० |
| ५५२/२०७६/३/४ | सवारी चालक, शिव आउजी | ११७४८३.० |
| ५२४/२०७६/२/३० | सवारी चालक, भक्ता बहादुर धामी | २३७४९.० |
| ५२४/२०७६/२/३० | सवारी चालक, शिवराज नेपाली | ९४५०२.० |
| २१२/२०७५/९/१७ | सवारी चालक, मात्रिका प्रसाद आचार्य | ८८०५.० |
| ४९४/२०७५/९/१७ | सवारी चालक, मोहन भण्डारी | १८२३६६.० |
| ४७६/२०७६/१/३० | सवारी चालक, किशोर नेपाली | २५५२९.० |
| ४५१/२०७६/१/५ | सवारी चालक, किशोर नेपाली | ४९५०.० |
| ४१०/२०७५/१२/१३ | सवारी चालक, दिपक नेपाली | ७९५०.० |
| ३१९/२०७५/१०/२१ | सवारी चालक, किशोर नेपाली | ३८५०१.० |
| जम्मा | | ६०९५५७.० |

**८१.** **सरुवा भ्रमण खर्च :** भ्रमण खर्च नियमावली, २०६४ को नियम ९ मा सरुवा भै एक जिल्लाबाट अर्को जिल्लामा जाँदा कर्मचारीले नियमावली बमोजिम दैनिक भत्ता र भ्रमण खर्च पाउने व्यवस्था रहेको छ । कार्यालयले सरुवा भई गएका सहायक लेखापाल अशोक कुमार भट्टलाई सरुवा भ्रमण खर्च नियमावली बमोजिम रु १२,०००.० भुक्तानी गरेकोमा नीजको सरुवा पत्र एवम् रमाना पेश नभएकोले, भुक्तानी रकम एकिन गर्न नसकिने हुँदा, सोको प्रमाण पेश हुर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु — १२०००/-

<table>
<tr><td></td><td>पूँजीगत समानीकरण</td><td></td></tr>
<tr><td>८२.</td><td>५७९।०७६।३।३१ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा सरकारी रकम खर्च गर्दा विलभरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । बैण्डवाजा प्रशिक्षक नारायण तामाङ्गलाई प्रशिक्षण गरेवापत रु.३५०००। भुक्तानी दिएकोमा प्रशिक्षण कार्यक्रमको प्रमाण श्रेस्तासँग संलग्न नदेखिएको सोको प्रमाण पेश गर्नुपर्ने रु.</td><td>३५०००/-</td></tr>
<tr><td>८३.</td><td>बढी खर्च : ५७६।०७६।३।२१ अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका, २०७५ को परिच्छेद ७ को ७.१.१५ अनुसार गोष्ठी, सेमिनार, सम्मेलन, कार्यशाला, तालिम, जस्ता समारोह उद्घघाटन, समापन मा सहभागीहरुलाई प्रतिदिन प्रति व्यक्ति पाउने पारिश्रमिक तथा अन्य सुविधा उल्लेख छ । सो अनुसार तालिममा सहभागीहरुलाई सो मापदण्ड भन्दा बढीमा खर्च गरी तालिम सञ्चालन गर्नु परेमा अर्थ मन्त्रालयको पूर्वस्वीकृति लिएर मात्र खर्च गर्नुपर्ने व्यवस्था छ । नासु राजबहादुर खड्काले उपभोक्ता समिति सदस्यहरुलाई अनुशिक्षण तालिम सञ्चालन गर्न लिएको पेश्की रु.२०००००। फछ्र्यौट सँग सम्बन्धित फाँटवारी परीक्षण गर्दा विभिन्न कार्यक्रमको बैठक भत्ता रु.१५३०००।, सहजिकरण भत्ता वापत देहायका व्यक्तिहरुले प्रतिदिन रु.१०००। कादरले लिनुपर्नेमा रु.१६००। दरले भुक्तानी लिएकोले बढी भुक्तानी लिएको रु.९,६००। देहायका व्यक्तिहरुबाट असुल गरी दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>कर्मचारीको नाम</th><th>दिन</th><th>तोकेको दर</th><th>बढी दर</th><th>लगेको रकम</th><th>लिनुपर्ने</th><th>बढी भुक्तानी रु</th></tr>
<tr><td>भोजराज शर्मा</td><td>४</td><td>१०००/-</td><td>६००/-</td><td>६४००/-</td><td>४०००/-</td><td>२४००/-</td></tr>
<tr><td>डम्बरु जोसी</td><td>४</td><td>१०००/-</td><td>६००/-</td><td>६४००/-</td><td>४०००/-</td><td>२४००/-</td></tr>
<tr><td>सरिफ कु.श्रेष्ठ</td><td>४</td><td>१०००/-</td><td>६००/-</td><td>६४००/-</td><td>४०००/-</td><td>२४००/-</td></tr>
<tr><td>राज ब.खड्का</td><td>४</td><td>१०००/-</td><td>६००/-</td><td>६४००/-</td><td>४०००/-</td><td>२४००/-</td></tr>
<tr><td colspan="6">जम्मा</td><td>९६००/-</td></tr>
</table></td><td>९६००/-</td></tr>
<tr><td>८४.</td><td>५६७०७६।३।३१ वडा नं.५ खानेपानी आयोजना उपभोक्ता समितिलाई खानेपानी सम्पन्न गरेवापत रकम उपलव्ध गराएको फाँटवारी परीक्षण गर्दा उपभोक्ताले ४७६५ मीटरमात्र पाईप खरिद गरेकोमा ठेक्का विलमा ५००० मीटर चढाई २३५ मीटरको प्रति मीटर र.४५७५१ को दरले रु.१०७५१४।८५ बढी भुक्तानी लिएको देखियो । वास्तविक खरिद भन्दा नापीमा बढी चढाई भुक्तानी लिएको रकम उपभोक्ताको अशं अनुपातिक कट्टी गरी बढी भुक्तानी रकम उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.</td><td>१०७५१४.८५</td></tr>
<tr><td>८४.१.</td><td>कार्य सम्पन्न प्रतिवेदनमा रु.३९९४९३०।२८ मात्र काम भएकोमा सम्झौता अनुसार ८० प्रतिशत रकम कार्यालयले व्यहोर्ने सम्झौता अनुसार रु.३१९५९४४।२२ मात्र भुक्तानी हुनुपर्नेमा ३ भौचरबाट रु.३२१९७५४। भुक्तानी भएकोले बढी भुक्तानी भएको रु.२३८०९।७७ सम्बन्धित उपभोक्ता समितिबाट असुल उपर गर्नुपर्ने रु..</td><td>२३८०९/७७</td></tr>
<tr><td>८५.</td><td>५६०।०७६।३।३१ विभिन्न कार्यक्रम सञ्चालन गर्न राज रत्न प्रसाद श्रेष्ठले लिएको पेश्की रु.५ लाख फछ्र्यौटसँग सम्बन्धित फाँटवारीमा सहरी स्वास्थ्य क्लिनिङ्ग सञ्चालन गर्नको लागि एडभान्स सर्जीकल एण्ड सप्लायर्सबाट सर्जिकल इक्वीपमेन्ट तथा सामाग्री हरु रु.२६११०८। को खरिद गरेको देखिएको छ । उक्त सामान कहाँ प्रयोग भएको हो सोको दाखिला एवं प्रयोगको प्रमाण संलग्न नभएकोले सोको प्रमाण पेश हुनु पर्ने रु.</td><td>२६११०८/-</td></tr>
<tr><td>८६.</td><td>५४५।०७६।३।२५ ना.सु. तेजराज भट्टले मेलमिलाप कर्ताको सुचिकरण तथा तालिमको लागि लिएको भत्ता रु.३८२०००। फछ्र्यौट सँग सम्बन्धित श्रेस्ता परीक्षण गर्दादेहाय अनुसार देखियो ।</td><td></td></tr>
</table>

| | | |
|---|---|---|
| ८६.१. | आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ३५ मा सरकारी रकम खर्च गर्दा स्वीकृत बजेट भित्र गर्नुपर्ने उल्लेख छ । बार्षिक बजेटमा स्वीकृत नभएको रकमबाट बजेट खर्च गर्न नियम सम्मत देखिएन । | |
| ८६.२. | मेल मिलाप कर्ताको सुचिकरण भत्ता वापत ८० जनाले रु.१५००। को दरले रु.१,२०,०००। खर्च लिएको देखियो । मेलमिलाप कर्ता सुचिकरण गर्ने व्यवस्था देखिदैन । सुचिकरण वापत रकम खर्च गर्न पाउने नदेखिएकोले खर्च रकम नियम सम्मत नदेखिएको रु. | १२००००/- |
| ८७. | ५३७।०७६।३।२५ शैलेश्वरी कृषि विकास फर्मलाई सम्झौता गरी ध्याचरी मेशिन खरिद गर्न रु.५ लाख अनुदान दिएको देखियो । उक्तफर्मले तिलिचो इन्टरप्राईजेज काठमाण्डौबाट रु.२२३४००। मा ध्याचरी इन्कुभेटर मेशिन खरिद गरेर ल्याएको विल पेश गरेको छ । सम्झौतामा ध्याचरीले उत्पादन गरेको चल्ला स्थानीयलाई २० प्रतिशत कममा बेच्नुपर्ने सम्झौतामा उल्लेख भएपनि लेखापरीक्षण अवधि २०७६।८।२२ गते सम्म उक्त ध्याचरीबाट चल्ला उत्पादन भएको छैन । अनुदान दिएको संस्थाबाट उपलव्धी मूलक काम भए नभएको पालिकाबाटै छानविन हुनुपर्दछ । | |
| ८८. | ५३६।०७६।३।२५ उपेक्षित समुदाय सशक्तिरकण तथा विकास मञ्च(३०२७६०२८४) लाई हलिया समुदाय र बादी समुदायको तथ्याङ्क संकलन गर्ने कार्यको लागि रु.२०००००। उपलब्ध गरेको छ । उक्त संस्था आय करमा दर्ता भएपनि विल वेगर रकम भुक्तानी लिएको छ । साथै आय कर ऐन,२०५८ अनुसार परामर्शमा १५ प्रतिशतको दरले रु.३००००। अग्रिम कर कट्टी गर्नुपर्ने कर छुट कट्टा भएकोले छुट कर असुल उपर गर्नुपर्ने रु. | ३००००/- |
| ८९. | ५२१।०७६।३।२५ वडा नं. ७मा वि एम.ट्रेडर्सबाट विभिन्न निर्माण सामाग्री खरिद गरी रु.१९७६३८। भुक्तानी दिएको छ । खरिद गरिएका निर्माण सामाग्री पालिकामा दाखिला गरेको देखिएन । साथै निर्माण सामाग्रिको प्रयोगको नापी एवं कार्य सम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु. | १७९६३८/- |
| ९०. | ५१९।०७६।३।२५ सरकारी रकम खर्च गर्दा खर्च गर्ने आधार प्रमाण हुनुपर्दछ । वडा नं. ८ मा सार्वजनिक सुनुवाई गरेको भनि सहभागीलाई यातायात खर्चवापत भर्पाई गरी रु.४१०००। खर्च लेखेको छ । वडा भित्र सार्वजनिक सुनुवाई गर्दा यातायात खर्च पाउने आधार प्रमाण नभएकोले उक्त खर्च गर्ने वडा सचिव एवं अध्यक्षलाई जिम्मेवार बनाई असुर उपर गर्नुपर्ने रु. | ४१०००/- |
| ९१. | ५१८।०७६।३।२५ वडा नं.१ का वडा सचिव लोक ब.कठायतले महिला क्षमता अभिबृद्धि कार्यक्रम सञ्चालन गर्न लिएको पेश्की रु.१६५०००। फछ्र्यौट सँग सम्बन्धित फाँटवारी परीक्षण गर्दा संलग्न फाँटवारीमा इ एटेन्डेन्स हाजिरी खरिद गरे वापत रु.६००००। भुक्तानी लिएकोमा सो हाजिरी प्रयोग भएको नदेखिएको र दाखिला समेत भएको नदेखिदा हाजिर प्रयोग भएको एवं दाखिला प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु. | ६००००/- |
| ९२. | संलग्न फाँटवारीमा होटिङ्ग वोड वापत रु.३८५००। को विल राखी भुक्तानी लिएकोमा सो पुष्टी हुने आधार प्रमाण नभएकोले निजलाई जिम्मेवार बनाई उक्त रकम असुल उपर गर्नु पर्ने रु. | ३८५००/- |
| ९३. | ५१७।०७६।३।२५ आय कर ऐन,२०५८ को दफा ८८ मा सेवा प्रदायक निकायलाई १५ प्रतिशतको दरले भुक्तानीमा अग्रिम कर कट्टी गर्नुपर्दछ । २४ अप्रिल देखि जुलाई २०१९ सम्म जनता सँग जनप्रतिनिधि कार्यक्रम अन्तरगत रेडियो विकास बहश जनहितमा जारी सन्देश प्रशारण गरेवापत त्रिवेणी एफ एम ९४.४ मेघाहर्जलाई | |

| | | |
|---|---|---|
| | रु.२०६०००। भुक्तानी दिएको छ। उक्त एफ एम. मु.अ.करमा दर्ता नभएकोहुदाँ १५ प्रतिशतको दरले रु.३०९००। अग्रिम कर कट्टी गर्नुपर्नेमा रु.३०९१। मात्र कट्टी गरेको हुँदा नपुग कर रु.२७८०९। उक्त एफ एमसँग असुल उपर गर्नुपर्ने रु. | २७८०९/- |
| **९४.** | ४९९।०७६।३।२३ वडा नं.४ कार्यालय अन्तरगत विभिन्न शीर्षक अन्तरगत भुक्तानी दिएको रु.३४७०००। दिएकोमा निम्नानुसार देखियो। | |
| **९४.१.** | गडतोला ट्रेडर्सबाट चारथान डेक्स्टप कम्प्युटर रु.२०००००। मा खरिद गरेकोमा पालिकाका दाखिला भएको नदेखिएकोले उक्त कम्प्युटरहरु नगरपालिकामा दाखिला भएको पुष्ट्याई सहितको प्रमाण पेश हुनुपर्ने रु. | २०००००/- |
| **९४.२.** | वडा अध्यक्षको निर्णयले ७ जनालाई आर्थिक सहायता वापत रु.८५,०००। वितरण गरेको देखियो। मापदण्ड विपरित वडा अध्यक्षबाट आर्थिक सहायता आफै निर्णय गरी वितरण गर्नपाउने आधार प्रमाण नभएकोले वडा अध्यक्षलाई जिम्मेवार वनाई उक्त रकम निजबाट असुल उपर गर्नुपर्ने रु. | ८५०००/- |
| **९५.** | ४८०।०७६।३।१७ वडा नं.८मा वि.एस ट्रेडर्स एण्ड सप्लायर्सबाट १००० मीटर पाईप खरिद गरी रु.११९७००। भुक्तानी दिएको छ। खरिद गरिएको पाईप पालिकामा दाखिला भएको देखिएन। तसर्थ खरिद गरेको पाईपको दाखिला प्रतिवेदन एवं पाईप प्रयोगको नापी एवं कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु. | ११९७००/- |
| **९६.** | ४६४।०७६।३।१३ वडा नं.६ को लागि विभिन्न आपूर्तकबाट सामान खरिद गरेवापत रु.२५९५८०। भुक्तानी दिएकोमा निम्न अनुसार कैफियत देखियो। | |
| **९६.१.** | विभिन्न फर्मबाट ४ थान मोबाईल रु.९८५१४।मा खरिद गरेको देखियो। वडा कार्यालयमा मोवाईल खरिद गरी प्रयोग गर्न पाउने आधार प्रमाण नभएको साथै उक्त मोवाईल दाखिला समेत नभएको देखिदाँ दाखिला सहितको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल गर्नुपर्ने रु. | ९८५१४/- |
| **९७.** | विभिन्न फर्मबाट रु.६१२४६। को फर्निचर र शैक्षिक सामाग्री अन्तरगत झोला,मोजा,मल्टिमिडिया लगायत सामानहरु र.९९८२०। सहित रु.१६१०६६। को खरिद गरेकोमा उक्त सामान दाखिला एवं प्रयोगको अवस्थाबारे संलग्न फाँटवारीमा प्रमाण नभएकोले सोको प्रमाण पेश हुनुपर्ने रु. | १६१०६६/- |
| **९८.** | २५८।०७५।११।२८ वडा नं.४ मा बड्डा सप्लायर्सबाट १८६० मीटर एच.डि.पि.पाईप खरिद गरी रु.१५९०००। भुक्तानी गरेको छ। उक्त पाईप पालिकामा दाखिला नभएको एवं प्रयोग भएको नापी एवं कार्यसम्पन्न प्रतिवेदन समेत नभएकोले सोको प्रमाण पेश हुनुपर्ने रु. | १५९०००/- |
| **९९.** | २५४।०७५।११।२३ नगर सभाबाट वडा नं.१ को कालिका मन्दिरमा तामाको छाना मर्मतको लागि रु.५ लाख रकम विनियोजन गरिएको थियो। वडा अध्यक्षले उक्त कार्य हुन नसकेको जनाई उक्त रकम अन्यत्र खर्चगर्ने र कार्यपालिकाबाट अनुमोदन गर्ने गरी अन्य योजनामा खर्च गरेको देखियो। निजको निर्णय कार्यपालिकामा बैठकबाट अनुमोदन भएको देखिदैन। दलित तथा जेहेन्दार छात्र भनि भरत ब.खड्कालाई वडा बाटै छात्रबृत्ति वापत रु.५००००। उपलब्ध गरेको देखियो। एक योजनामा व्यवस्था गरेको रकम व्यक्तिगत लाभहुने गरी वितरण | ५००००/- |

| | | |
|---|---|---|
| | गरेको देखिदा वडा अध्यक्षलाई जिम्मेवार वनाई निजबाट उक्त रकम असुल उपर गर्नुपर्ने रु. | |
| **१००.** | १६७।०७५।१०।१३ सार्वजनिक खरिद नियमावली,२०६४ को नियम....मा रकम भुक्तानी दिदा ५ प्रतिशत रिटेन्सन मनि कटाएर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । समृद्ध नेपाल इनर्जी प्रा.लि लाई ४० वटाको स्ट्रिल लाईट उपलब्ध गराएवापत रु.२८९९११५। भुक्तानी दिएको छ । रकम भुक्तानी गर्दा विल रकम रु.२५६५५८८।५० मा ५ प्रतिशतले हुन आउने रु.१२८२७९।४२ कट्टी गरी रकम भुक्तानी दिनुपर्नेमा रु.२३१७५। मात्र कट्टी नगरी रु.१०५१०४।४२ कट्टी गरी भुक्तानी दिएको नियम सम्मत नभएको रु. | १०५१०४/४२ |
| **१०१.** | १६६।०७५।१०।१३ वडा नं. ९ मा विभिन्न आर्पूतकबाट रु.१४६०४८। को स्टेशनरी सामान खरिद गरी रकम भुक्तानी गरेको छ । खरिद गरिएका स्टेशनरी सामानहरु पालिकामा दाखिला गरेको छैन । सटेसनरी सामानहरु दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु. | १४६०४८/- |
| **१०२.** | १३९।०७५।९।२५ वडा नं.९ मा कलेनामा सांस्कृतिक कार्यक्रम सम्पन्न भए वापत रु.१०००००। खर्च लेखेको छ । कलेनामा कार्यक्रम गरेको भनिए पनि अन्य स्पान रिमझिम होटलको कोठाभाडा खाना लगायतको विलमात्र राखिएको हुँदा सास्कृतिक कार्यक्रम भएको प्रमाण संलग्न फाँटवारीमा नभएको हुदाँ अलग स्पानको होटल विल समेत राखी रकम भुक्तानी लिएको हुदाँ कार्यक्रम भएको पुष्ट्याई सहितको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु. | १०००००/- |
| **१०३.** | २६।०७५।६।२४ वडा नं. २ मा निम्न अनुसारको कार्यक्रमको लागि निम्नानुसार रु.९,००,३३४। खर्च गरेकोमा निम्न अनुसार देखिन आयो । | |
| **१०३.१.** | लवकुस सप्लायर्स डोटीबाट २८०० मीटर पाईप रु.४,५०,३३४। मा खरिद गरेकोमा खरिद गरेको परिमाण खुल्नेगरी दाखिला नभएको एवं खरिद भएको पाईप कुन प्रयोजनको लागि खरिद भएको सो प्रयोगको नापी एवं कार्य सम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु. | ४५०३३४/- |
| **१०३.२.** | सफ्टवेयर एप्लीकेशन एण्ड इन्फरमेशन टेक्नोलोजीबाट कम्प्युटर ५ सेट र प्रिन्टर ५ सेट रु.२,७०,०००। मा खरिद गरेकोमा सोको पालिकामा दाखिला भएको नदेखिएकोले उक्त सामान पालिकामा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु. | २७००००/- |
| **१०३.३.** | सफ्टवेयर एप्लीकेशन एण्ड इन्फरमेशन टेक्नोलोजीबाट ६ थान E-Attendence मेशिन रु.१,८०,०००। मा खरिद गरी भुक्तानी लिएकोमा गरेकोमा उक्त मेशिन प्रयोगबारे आस्वस्थ हुने आधार नभएको तथा पालिकामा दाखिला समेत नभएको हुँदा वडा अध्यक्षलाई जिम्मेवारी भई सोको प्रमाण पेश गर्न लगाउनुपर्ने अन्यथा असुल गर्नुपर्ने रु. | १८००००/- |
| **१०४.** | **खर्चको फाँटवारी :** नगरपालिकाले पूँजीगत खर्च तर्फ रु.१४ करोड ८४ लाख ८३ हजार खर्च गरेको आर्थिक विवरण उपलव्ध गराएको छ । पूँजीगत तर्फको खर्चको फाँटवारी तयार गरेको छैन । यसबाट पूँजीगत कति खर्च भयो र तोकिएको कन्टेन्जेन्सीबाट कुन कुन शीर्षकमा कति खर्च भयो एकिन गर्न सकिएन । भौचर परीक्षण गर्दा | |

| | | |
|---|---|---|
| | चालु प्रकृतिका खर्च समेत पूँजीगत शीर्षकबाट खर्च गरेको देखिदाँ सोको छानविन गरी खर्चको फाँटवारी तयार गर्नुपर्दछ । | |
| | **बिषयगत कार्यक्रमको लेखापरीषणबाट देखिएका व्यहोरा** | |
| | **शिक्षा तर्फ** | |
| **१०५.** | **प्राविधिक धार सञ्चालन अनुदान** : ९/२०७५/८/१६, कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७५/७६ को क्रियाकलाप नं २.१५.११.७८० मा प्राविधिक धार सञ्चालन गर्ने विद्यालयलाई ल्याब व्यवस्थापन बापत रु २,००,०००.० र शिक्षण सिकाई सामग्री तथा व्यवस्थापनका लागि प्रति विद्यार्थी रु ११,०००.० का दरले हुन आउने रकम विद्यालयलाई अनुदान दिनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले प्राविधिक धार संचालन गर्ने श्री दिल्पेश्वर माध्यमिक विद्यालयलाई रु ३,४५,०००.० एकमुष्ठ निकासा गरेको छ । ल्याब व्यवस्थापनको रकम बाहेक रु १,४५,०००.० प्रति विद्यार्थी लागत अनुदान भुक्तानी भएकोमा विद्यालयलको प्राविधिक धारमा अध्ययनरत विद्यार्थीको एकिन संख्या पेश नभएकोले, एकिन विद्यार्थी संख्याको प्रमाण पेश हुनुपर्ने रु | १४५०००/- |
| **१०६.** | **परिक्षा सञ्चालन** : १६/२०७५/१२/८, कार्यालयलाई सशर्त कार्यक्रम अन्तर्गत नेपाल सरकारबाट कक्षा ८ को परिक्षा सञ्चालनकालागि बार्षिक बजेट रु ११८,०००.० विनियोजन भई सोही बमोजिम निकासा भएको छ । नगर कार्यपालिकाको बैठकबाट सो परिक्षा सञ्चालनका लागि नपुग हुने रकम रु ७३३५०.० निशर्त अनुदानबाट भुक्तानी गर्ने गरी निर्णय भएकोमा, कार्यालयले सो खर्च सशर्त अनुदानबाट शा.अ. मन्जु थापालाई भुक्तानी गरेकोले, सशर्त अनुदानको रकम बढी खर्च देखाई संघिय संचित कोषमा कम फिर्ता हुन गएकोले संघिय संचित कोषमा दाखिला हुनुपर्ने रु | ७३३५०/- |
| **१०७.** | **एकिन विद्यार्थी संख्याबिना भुक्तानी** : कार्यक्रम कार्यन्वयन पुस्तिका २०७५।७६ मा देहायका शिर्षकअन्तर्गतको अनुदान रकम निकासा गर्दा प्रत्येक सामुदायिक विद्यालयलको बाल विकास कक्षा, आधारभूत तह, माध्यामिक तह एवम् नयाँ भर्ना भएका विद्यार्थीहरुको संख्या एकिन गरी, सो बमोजिम प्रति शिर्षक हुन आउने अनुदान रकम विद्यालयलाई निकासा गरिनुपर्दछ । कार्यालयले नगरपालिका अन्तर्गत रहेका कुल ४० विद्यालयलाई एवम् ४८ बालबिकासलाई उक्त शिर्षकमा अनुदान रकम निकासा गर्दा, विद्यार्थी संख्या एकिन गरेको नपाईकोले, एकिन विद्यार्थी संख्याको आधारबीना निकासा गरेको अनुदान रकम नियमित नदेखिएको रु | ४४८१३००/- |

| भौ.नं/मिति | अनुदान शिर्षक | रकम |
|---|---|---|
| १७/२०७५/१२/१३ | विपन्न लक्षित गैरआवासिय छात्रवृत्ति | १९२७८००.० |
| २७/२०७६/३/१७ | बालविकास शिक्षण सिकाई सामग्री अनुदान | ७७०३००.० |
| २७/२०७६/३/१७ | विद्यालय शिक्षण सिकाई सामग्री अनुदान | १७८३२००.० |
| जम्मा | | ४४८१३००.० |

| | | |
|---|---|---|
| **१०८.** | सामुदायिक सिकाई केन्द्र अनुदान : सामुदायिक सिकाई केन्द्र संचालन अनुदान ( क्रियाकलाप नं २.१५.११.७७९) बापतको रकम निकासा दिँदा, सिकाई केन्द्रको व्यवस्थापन समितीले गरेको सिफारिस, स्थलगत निरिक्षण प्रतिवेदनका आधारमा, हाजिरी प्रमाण प्राप्त भएपछि सामुदायिक परिचालकको पारिश्रमिक रकम उपलब्ध गराई बाँकी रकम केन्द्रको प्रस्तावका आधारमा उपलब्ध गराउनुपर्दछ । कार्यालयले तपशिलका सामुदायिक केन्द्रलाई तोकिएको प्रक्रिया पूरा नगरी रु २,००,०००.० का दरले निकासा दिइएकोले निर्देशिकाको पालना भएको देखिएन । संघिय सरकारबाट हस्तान्तरित कार्यक्रम कार्यान्वयन गर्दा निर्देशिकामा उल्लेखित व्यवस्था पालना हुनुपर्दछ । | |

| सि.नं | सामुदायिक सिकाई केन्द्र | रकम |
|---|---|---|
| १ | नवयुग सामुदायिक सिकाई केन्द्र, उडितोला | २०००००.० |
| २ | सशक्तिकरण सामुदायिक सिकाई केन्द्र, सिलगढी | २०००००.० |
| ३ | खातिवडा सामुदायिक सिकाई केन्द्र, खातिवडाा | २०००००.० |
| ४ | कलेना सामुदायिक सिकाई केन्द्र, कलेना | २०००००.० |
| ५ | प्रगतिशिल सामुदायिक सिकाई केन्द्र, लडागडा | २०००००.० |
| जम्मा | | १००००००.० |

| | | |
|---|---|---|
| **१०९.** | **दुई कोठे नयाँ फर्निचर सहित कक्षाकोठा भवन निर्माण :** ४५/२०७६/३/३०, कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७६/७६ बमोजिम दुई कोठे नयाँ फर्निचर सहित कक्षाकोठा भवन निर्माणकालागि प्रति कक्षाकोठा रु ८ लाख गरी २ कोठाको रु.१६ लाख इकाई लागत कायम गरिएको छ । साथै नगरपालिकालाई प्राप्त सो अनुदान निकासा गर्दा विद्यालयबाट माग संकलन गरी, प्राथमिकताक्रम निर्धारण गर्ने र सो आधारमा विद्यालय छनौट गर्नुपर्ने कुरा उल्लेख छ । नगारपालिकालाई सो शिर्षक बापत रु ३२ लाख रकम दुई विद्यालयलाई निकासा गर्नुपर्नेमा, कार्यालयले सो उल्लेखित प्रक्रिया पुरा नगरी सम्पुर्ण रकम पद्यम पब्लिक मुक्ति नारायाण माध्यमिक विद्यालयलाई विनियोजन गरी निकासा गरिनु नियमसम्मत देखिएन । सशर्त कार्यक्रम कार्यान्वयनमा प्राप्त निर्देशिका पालना गरिनुपर्दछ । साथै उक्त विद्यालयलाई भवन निर्माण बापत पेश्की स्वरुप रु १६,४१,९४२.० रकम निकासा गरेकोमा प्रमाणित कार्यसम्पन्न पेश गरी पेश्की फछ्र्यौट गरेको नपाईएकोले, प्रमाणित कार्यसम्पन्न पेश गरिनुपर्ने रु | १६४१९४२/- |
| **११०.** | **पेश्की बाँकी :** ४७/२०७६/३/३०, चार कोठे भवन निर्माण अघिल्लो आ.ब क्रमागत योजना अन्तर्गत श्री सुनादेवी माध्यमिक विद्यालय, लडागडालाई कार्यालयले रु ११९०५५२.० पेश्की निकासा गरेकोमा, सोको प्रमाणित कार्यसम्पन्न पेश भई पेश्की फछ्र्यौट भएको छैन । प्रमाणित कार्यसम्पन्न पेश भई, पेश्कि फछ्र्यौट गरिनुपर्ने रु | ११९०५५२/- |
| **१११.** | **बढी भुक्तानी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) अनुसार उपभोक्ता समिती वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल भर्पाई र खर्च प्रमाणित गर्ने कागजात त्यस्तो समितिको वैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्नेछ र तत्पश्चात्त सम्बन्धित निकायले नियम ९७(११) बमोजिम कार्यसम्पन्न प्रतिवेदन तयार गरी उपभोक्ता समिति वा लाभग्राही समुदायलाई | |

| | | |
|---|---|---|
| | रकम भुक्तानी गर्नुपर्दछ । सरसफाई सहितको शौचालय निर्माणका लागि कार्यालयले देहायका विद्यालयहरुलाई अनुदान निकासा गरेकोमा, कार्यसम्पन्न प्रतिवेदनमा देहायको कार्यमा रु १,५६,६००.० रकम कार्य प्रमाणित गरेको छ । सो बापतको कार्य पुष्ट्याँई हुने विद्यालयको बिल/बिजक पेश नभएकोले सामान खरिद बिल वेगर रु १,५६,६००.० को कार्यपरिमाण नापी तथा सम्पन्न प्रमाणित भएको र रकम भुक्तानी भएकोले सोको प्रमाण पेश हुनुपर्ने अन्यथा सम्बन्धित विद्यालयबाट असुल गरिनुपर्ने रु | १५६६००/- |

| भौ.नं/मिती | विद्यालय | Item | रकम |
|---|---|---|---|
| ४६/२०७६/३/३० | श्री चौखान मा.बि, दाङ | TMT Steel Bar | ७८३००.० |
| ४७/२०७६/३/३० | श्री सुनादेवी मा.बि, लडागडा | TMT Steel Bar | ७८३००.० |
| | | जम्मा | १५६६००.० |

| | | |
|---|---|---|
| ११२. | **प्रधानमन्त्री रोजगार कार्यक्रम** : प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रम अर्न्तगत नगरपालिकाले काममा लगाउनुपर्नेमा, कार्यालयले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको छैन । निर्देशिका बमोजिम श्रमिकलाई रोजगार बापतको पारिश्रमिक बैंक खातामार्फत भुक्तानी गर्नुपर्ने वा सो अवस्था नरहेमा सम्बन्धित स्थानीय तहले सो व्यहोरा निर्णय गरी नगदमै भुक्तान गर्न सक्नेमा, नगरपालिकाले सो निर्णयबिना पारिश्रमिक रकम वडा सचिव वा अन्य कर्मचारीमार्फत नगद भूक्तानी गरेको देखिएकोले, पारिश्रमिक भुक्तानी सम्बन्धित कामदारहरुले प्राप्त गरेको सुनिश्चित गर्न सकिएन । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी अत्याधिक संख्यामा योजना छनौट भएको, अधिकांश योजनाहरु पूर्वाधार निर्माण वा विकास गर्ने नभई, फोहोर व्यवस्थापन, फलफुल बगैंचा निर्माण, खेल मैदान निर्माण लगायतका अनुत्पादनमुलक कार्य गराउने गरी छनौट भएका छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । | |
| ११३. | **लागत अनुमानबीना योजना सञ्चालन :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ बमोजिम एक लाखभन्दा माथिको निर्माण कार्य गर्दा लागत अनुमान तयार गर्नुपर्दछ । साथै लागत अनुमान तयार गरी सम्झौता अनुसार काम सम्पन्न भईसकेपछि नापजाँच गरी कार्यसम्पन्नको आधारमा रकम भुक्तानी गरिनुपर्दछ । कार्यालयले प्रधानमन्त्री रोजगाार कार्यक्रम अन्तर्गत, विभिन्न वडामा निम्नानुसार योजना संचालन गर्दा, सोको लागत अनुमान तयार नगरी रकम सम्झौता गरेको र प्राविधिक बिल र कार्यसम्पन्न प्रतिवेदनबीना वडा सचिव वा अन्य कर्मचारीमार्फत रकम भुक्तानी गरेको छ । ऐनको व्यवस्था पालना नगरी योजना संचालन तथा रकम भुक्तानी गरेकोले, खर्च पुष्ट्याँईको आवश्यक कागजात पेश हुनुपर्ने रु | २०५७२१६/- |

| **भौ.नं/मिति** | **वडा नं** | **योजना** | **रकम** |
|---|---|---|---|
| १९/२०७६/३/२५ | १ | खानेपानी मुल संरक्षण | २६१०००.० |

| | | | |
|---|---|---|---|
| २१/२०७६/३/२५ | ३ | फोहोर व्यवस्थापन सरसफाई | १९००००.० |
| २२/२०७६/३/२५ | ५ | ग्रामिण खानेपानी | २८५०००.० |
| २३/२०७६/३/२५ | ६ | फोहोर व्यवस्थापन | ११०४१२.० |
| २३/२०७६/३/२५ | ६ | मर्मत सम्भार | २२२०००.० |
| २४/२०७६/३/२५ | ७ | खानेपानी मुल संरक्षण | ४०८५०.० |
| २६/२०७६/३/२५ | ९ | पोखरी निर्माण | ३७७९७९.० |
| ३०/२०७६/३/३१ | ५ | वृक्षारोपण | ३८००००.० |
| ३१/२०७६/३/३१ | ४ | सरसफाई कार्यक्रम | १८९९७५.० |
| | | **जम्मा** | **२०५७२१६.०** |

## कृषि,पशु तथा स्वास्थ्य तर्फ

**११४.** **प्रयोगशाला रिर्पोट नभएको** २९।०७६।२।२० मनीषा गुरुङ०कोले माटो परीक्षणका लागि लिएको पेश्किको फाटवारी परीक्षणगर्दा संलग्न फाटँवारीमा प्रयोगशाला रिर्पोटको प्रमाण नभएको हुदा सो प्रमाण पेश हुनुपर्ने रु ४०,०००। अन्यथा निजवाट असुल हुनुपर्ने देखिएको रु ४००००/-

**११५.** कार्यालयले कृषकहरुलाई अनुदान दिन खरिद गर्ने विभिन्न प्रकारका विउ विजन एवं मिनि किटहरु कृषि ज्ञान केन्द्रले तोकेको स्रोतकेन्द्रवाट खरिद गर्नूपर्ने व्यवस्था छ । नगरपालिकाले खरिद गरेको निम्नानुसारका विउ विजनहरु एवं फलफुल विरुवा खरिद गर्दा सो नियमको पालना नगरी खरिद गरेकोले खरिद गरिएका सवै विउ विजनहरु गुणस्तरिय भए नभएको एकिन गर्न सकिएन ।

| भौ न र मिति | विउ विजनको नाम | विउ विजनको परिमाण केजी | भुक्तानि भएको रकम | खरिद गरिएको संस्था |
|---|---|---|---|---|
| १६/०७६/१/१७ | अदुवा विउ | ३०० | ३३०००/ | मान व. विष्ट संग भरपाईवाट |
| १८/०७६/२/२ | च्याउ पाकेट | १००० | | वज्रवाराही कन्ये च्याउवीउ उत्पादन केन्द्र |
| २०/०७६/२/३० | गहुँ | ५०० | १४००००/ | एभरेष्ट हाइटेक विउ विषादि केन्द्र |
| २१/०७६/२/३० | धान | ६३४ | ५६०४०/ | युनिक सिड प्रा.लि |
| ८७,/२०७६/३/३१ | लियोसेन्टी ,वाजरा र मकैचरि के.जी | ३६० | २८८५०/ | नेपाल एग्रोएण्ड सप्लायर्स |
| १११/०७६/३/३१ | नेपीयर, कोइरालो अम्रीसो,मुलाटोको गाज । वटा | ४४९०० | ५६३००/ | खप्तड वहुउदेश्यीय नर्सरी |

**११६.** वोका वाखा तथा दुग्धपदार्थको व्यावसायिक प्रयोजनका लागि खरिद गरिएका पशुहरु खरिद गर्नुपूर्व जिल्ला पशु सेवा कार्यालयले तोकिदिएको श्रोतकेन्द्रवाट खरिद गर्नुपर्दछ । साथै त्यस्ता चौपाया खरिद गर्नुअघि चौपायाहरुको स्वास्थ्य परीक्षण गरि निरोगीता प्रमाणित भएको पाइएमा मात्र त्यस्ता पशु खरिद गरि कृषकहरुलाइ वितरण गर्नुपर्दछ । कार्यालयले निम्नानुसारका चौपायाहरु रु ४०,८२,०००। मा खरिद गरेको देखियो ।उक्त चौपायाहरु मध्ये भैसीहरु वाहेक अन्य चौपायको जिल्ला पशुसेवा कार्यालयवाट निरोगिताको प्रमाणपत्र समेत नपाएको हुदा

खरिद गरिएका चौपाया खरिद गर्ने उदेश्य अनुरुप भए नभएको एवंम स्वास्थ्य थिए भन्न सक्ने अवस्था भएन ।यसतर्फ कार्यालयको ध्यान जानुपर्ने देखिएको छ ।

| भौ. नं र मिति | पशुपन्छीहरुको विवरण | संख्या | आपूर्तिकर्ता संस्था तथा व्यक्ति | खरिद मूल्य |
|---|---|---|---|---|
| ३४/२०७६/३/३० | बाखा | १२० | गतौल फलफूल तथा वाखा फर्म | १०,८०,०००/ |
| ३५/२०७६/३/३० | जर्सि गाइ | २० | सिद्धवावा गाई भैसीपालन फार्म | १५,००,०००/ |
| १२/०७६/१/३० | कुखुरा चल्ला | २८०० | शुभम ब्रुडर पोल्टी फर्म | ७४२०००/ |
| ३५/२०७६/३/३० | भैसी | ८ | सिद्धवावा गाई भैसीपालन फार्म | ७,६०,०००/ |
| | | | जम्मा | ४०,८२,०००/ |

**११७.** **निर्देशिका को शर्त विपरित खरिद** :५१।०७६।३।३१ पोषण कार्यक्रम अन्तगर्त सुनौला हजार दिनका आमाहरुलाई पोषणका लागि वितरण गरिने कुखुरा चल्लाहरु कम्तीमा ८ हप्ते हुनुपर्ने उल्लेख छ । यस अन्तगर्त दिल वहादुर साउदको पेश्कि रु ४,३६,४००। फछ्यौट को फाटवारी परीक्षण गर्दा ८ हप्ते कुखुरा को ठाउमा ४ हप्ते कुखुरा वितरण गरेको प्रमाण संम्लग्न भएकोले निर्देशिकाले तोकेको नियम विपरित चल्ला खरिद गरि वितरण गरेको देखिदा खरिद कार्य अनियमित देखिएको रु

४३६४००/-

**११८.** **अग्रीम कर** : आयकर ऐन, २०५८ को दफा ८८ मा परामर्शको लागि रकम खर्च लेख्दा मूल्य अभिवृद्धि करमा दर्ता नभएकालाई १५ प्रतिशतका दरले अग्रीम करकट्टी हुनुपर्ने व्यवस्था छ । नगरपालिकाले विभिन्न कार्यमा भुक्तानि दिएको निम्नानुसार का भुक्तानिहरुमा १.५ प्रतिशत मात्र अग्रीम कर कट्टा गरेकोले नपुग कर रकम सम्वन्धीतवाट असुल गरि संघिय राजस्व खातामा दाखिला गर्नुपर्ने रु

३७६२०/-

| भौ न मिति | कामको विवरण | भुक्तानि पाउने व्यक्ति वा संस्था | भुक्तानि पाएको रकम | कट्टी हुनुपर्ने | कट्टी भएको | कट्टी हुनुपर्ने रकम |
|---|---|---|---|---|---|---|
| ३८/०७६.३.१८ | सूचना प्रकासन प्रसारण | विम्व नेपाली साप्ताहिक | २५०००/ | ३७५०/ | ० | ३७५० |
| २९/०७६.२.३० | सूचना प्रकासन प्रसारण | त्रिवेणी एफ एम ९४.४ | ७२०००/ | ९७२०/ | १०८०/ | १०८० |
| १३१,१६३/०७६/३/२५ | सूचना प्रकासन प्रसारण | त्रिवेणी एफ एम ९४.४ | ३९७३०/ | ५९५९/ | ५४०/ | ५४२२ |
| १४२,१६३/०७६/३/१९ | सूचना प्रकासन प्रसारण | शैलेश्वरी एफ एम १०५.९ | ४२७३०/ | ६४०९/५ | ६४०/ | ५७६८ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १४३,१४५/०७६/३/२० | सूचना प्रकासन प्रसारण | नजर साप्ताहिक | १६००००/ | २४०००/ | २४००/ | २१६०० | |
| | | | | | | | जम्मा | **३७६२०** | |
| **११९.** | औषधी खरिद भौ नं १५९,१५६,२६,४५।०७५।९।२५ :कार्यालयले यस वर्ष टेण्डर वाहेक पनि सोझै विभिन्न मितिमा विभिन्न आपूर्तकसंग रु १७,२६,०२५। को औषधी खरिद गरेको छ । खरिद गरिएका औषधीहरुमा उत्पादन मिति म्याद समाप्त मिति ,औषधीको जेनेरिक नाम एवं Country of Origin उल्लेख भएको डेलीभरी सिट सहितको प्रमाण संम्लग्न फाँटवारीमा नभएकोले खरिद गरिएका औषधीहरु गुणस्तरिय भए नभएको एकीन गर्न सकिएन । गुणस्तरिय औषधी खरिद गर्नेतर्फ कार्यालयको ध्यान जानुपर्ने देखियो । | | | | | | | | |
| **१२०.** | **दोहोरो भुक्तानि** २५।०७६।३।१९ युनिसेफतर्फवाट पालिकामा रहेका वालश्रम तथा अनाथ असहाय वालवच्चाहरुको सर्वेक्षण गरि तिनको अवस्थाको प्रतिवेदन तयार गरे वापत भौ न ५।०७५।६।९ मा लोकेन्द्र जोशीलाई ४०,०००। भुक्तानि भैसकेकोमा सोहि कामका लागि वालवालिकाहरुको सर्वेक्षण फाराम तयार गरेको भनि पुन सोहि कामका लागि दोहोरो भत्ता वितरण गरेको निम्नानुसारको भुक्तानि असुल हुनुपर्ने देखिएको रु | | | | | | | | ३७४००/- |
| **१२१.** | **दोहोरो भुक्तानि :** भ्रमण खर्च नियमावली २०६४ को नियम ७(११) मा सरकारी कामको सिलसिलामा भ्रमणमा रही दैनिक भ्रमण भत्ता उपभोग गर्ने पदाधिकारी वा कर्मचारीले दैनिक भत्ता उपभोग गरेको अवधिभर फिल्ड भत्ता,वैठक भत्ता, तालिम भत्ता,स्थानिय भत्ता वा अन्य कुनै किसिमको भत्ता नपाइने उल्लेख छ ।देहायका कर्मचारीले दैनिक भ्रमण भत्ता वापत ६९,४४०। खर्च समेत लिएकोमा सोहि समयमा मासिक गोष्ठी वापतको भत्ता समेत वुझेकोले निम्नानुसार दोहोरो सुविधा निजहरुवाट करकट्टी वाहेकको रकम असुल उपर हुनुपर्ने रु | | | | | | | | ५१०००/- |

Table for १२०:

| नाम पद | जम्मा फर्म | प्रति फर्म भुक्तानि हुने रकम | जम्मा खर्च |
|---|---|---|---|
| स.वि.अ.रमेशचन्द्र जोशी | ५४ | ३००/ | १६२०० |
| लोक वहादुर वोहोरा | २५ | ३००/ | ७५०० |
| योगेन्द्र वहादुर खडका | १४ | ३००/ | ४२०० |
| स.वि.अ.रमेशचन्द्र जोशी | ६ | ५००/ | ३००० |
| लोक वहादुर वोहोरा | ७ | ५००/ | ३५०० |
| योगेन्द्र वहादुर खडका | ६ | ५००/ | ३००० |
| | | **जम्मा** | **३७४००/** |

Table for १२१:

| सि. नं | नाम थर | दिन | दर | जम्मा | कर कट्टी | खुद असुल हुनुपर्ने रकम |
|---|---|---|---|---|---|---|
| १. | भोजराज शर्मा | १ | १००० | १००० | १५० | ८५०/ |
| २. | विष्णु राज जोशी | १ | १००० | १००० | १५० | ८५०/ |
| ३. | राजु खडका | ४ | १००० | ४००० | ६०० | ३४००/ |
| ४. | अम्विका थापा | १ | १००० | १००० | १५० | ८५०/ |
| ५. | कपिल देव जोशी | १ | १००० | १००० | १५० | ८५०/ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६. | तेज व. खडका | ३ | १००० | ३००० | ४५० | २५५०/ |
| ७. | उत्तम उपाध्याय | ४ | १००० | ४००० | ६०० | ३४००/ |
| ८. | प्रेम वहादुरचन्द | २ | १००० | २००० | ४५० | २५५०/ |
| ९. | नरेश वोहोरा | ३ | १००० | ३००० | ४५० | २५५०/ |
| १०. | राम वहादुर भण्डारी | १ | १००० | १००० | १५० | ८५०/ |
| ११. | डिल्लीराज पनेरु | १ | १००० | १००० | १५० | ८५०/ |
| १२. | देव वहादुर खड्का | २ | १००० | २००० | ४५० | २५५०/ |
| १३. | लक्ष्मी कठायत | १ | १००० | १००० | १५० | ८५०/ |
| १४. | कर्ण वोहोरा | ३ | १००० | ३००० | ४५० | २५५०/ |
| १५. | चित्र भण्डारी | ३ | १००० | ३००० | ४५० | २५५०/ |
| १६. | उर्मीला भट्ट | १ | १००० | १००० | १५० | ८५०/ |
| १७. | स्मृति रावल | ४ | १००० | ४००० | ६०० | ३४००/ |
| १८. | कमला वोहोरा | ४ | १००० | ४००० | ६०० | ३४००/ |
| १९. | दुर्गा थापा | ३ | १००० | ३००० | ४५० | २५५०/ |
| २०. | हरिष खडका | ४ | १००० | ४००० | ६०० | ३४००/ |
| २१. | देवी शाही | ३ | १००० | ३००० | ४५० | २५५०/ |
| २२. | के.पी. रेग्मी | १ | १००० | १००० | १५० | ८५०/ |
| २३. | राजेश मलासी | ४ | १००० | ४००० | ६०० | ३४००/ |
| २४. | दिपक वहादुर वोहरा | ३ | १००० | ३००० | ४५० | २५५०/ |
| | | | | | **जम्मा** | **५१०००/** |

| | | |
|---|---|---|
| | **महिला विकास कार्यक्रम** | |
| **१२२.** | १९।०७६।२।३० घरायसी हिसां पिडित महिलाको लागि सुरक्षित अल्पकालिन जिल्ला महिला सेवाका लागि नवलक्ष्मी महिला बहुउद्देश्यि सहकारी संस्था मार्फत कार्यक्रम सञ्चालन गरेकोमा सोही कार्यकोलागि उक्त संस्थाका कर्मचारीको तलव तथा अन्य प्राशासनिक खर्चको भुक्तानी गरेको अवस्थामा पनि सेवाग्राहीलाई मनोविमर्श परामर्श सेवा दिएको भनि संस्थाका कोषाध्यक्ष देवकी बोहरालाई रु.५०००। एक मुष्ठ भत्ता दिएको देखियो । यसरी तलव सुविधा उपभोग गरी सकेकोमा सोही कार्यको लागि भत्ता लिन पाउने आधार प्रमाण नदेखिएकोले सो रकम निजबाट असुल गर्नुपर्ने रु. | ५०००/- |
| **१२३.** | २३।०७६।३।२५ डोटी अपांग सेवा संघलाई समुदायमा आधारित पुन : स्थापना कार्यक्रम सञ्चालन गरेकोमा संलग्न फाँटवारी परीक्षण गर्दा विभिन्न बैठक, बैशाखी खरिद तथा अफिस टेवल खरिद गरेर रु.६६०००। खर्च लेखेको देखियो । यसरी कार्यक्रम सञ्चालनको लागि लिएको भुक्तानी आफ्नो संस्थागत प्रयोजनको लागी रु.७५००। मा अफिस टेवल खरिद गरेर प्रयोग गरेको तथा वितरणको लागि रु.२५०००। बरावरको बैशाखीहरु खरिद तथा वितरण गरेको प्रमाण संलग्न नरहेकोले सोको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु. | ३२५००/- |
| **१२४.** | अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका, २०७५ को परिच्छेद ७ को ७.१.१५ अनुसार गोष्ठी, सेमिनार, सम्मेलन, कार्यशाला, तालिम, जस्ता समारोह उद्धघाटन, समापन मा सहभागीहरुलाई प्रतिदिन प्रति व्यक्ति पाउने पारिश्रमिक तथा अन्य सुविधा उल्लेख छ । सो अनुसार तालिममा सहभागीहरुलाई सो मापदण्ड भन्दा बढीमा | |

खर्च गरी तालिम सञ्चालन गर्नु परेमा अर्थ मन्त्रालयको पूर्वस्वीकृति लिएर मात्र खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाद्धारा सञ्चालित विभिन्न कार्यक्रमहरुमा निम्नानुसार निर्देशिकाले तोकेको दरभन्दा बढी दरले खर्च लेखेको कार्यक्रम सञ्चालकबाट असुल गर्नुपर्दछ रु.

४१३९६/-

| गो.भौ.नं./मिति | कार्यक्रम | पारिश्रमिक भुक्तानी भएको विषय | व्यक्ति | तोकेको दर | बढी दर | संख्या | भुक्तानी भएको रकम | बढी भुक्तानी रु |
|---|---|---|---|---|---|---|---|---|
| ३/०७५/६/२३ | हातेहोजियारी तालिम ९० दिने | संयोजक भत्ता( अधिकतम १५ कार्यदिनको प्रतिदिन ३००।,१५ दिन पछि प्रतिदिन रु.१५०। का दरले | सोहना जोशी | ३००/१५० | ३०० | ९० दिन | २२५०० | ५७३८ |
| | | सहयोगि भत्ता( अधिकतम १५ कार्यदिनको प्रतिदिन १५०।,१५ दिन पछि प्रतिदिन रु.७५। का दरले | विष्णुमाया खड्का | १५०/७५ | १५० | ९० | १३५०० | ४९५१ |
| | | प्रतिवेदनक र संयोजक एउटै भएमा भत्ता नपाउने | सोहना जोशी | | | | | २१२५ |
| १३/०७५/१२/१३ | दोस्रो चरणको हातेहोजियारी २ महिने तालिम | संयोजक भत्ता | सोहना जोशी | ३००/१५० | ३०० | ६० दिन | ३०००० | १५९३८ |
| | | सहयोगि भत्ता | विष्णुमाया खड्का | १५०/७५ | १५० | ६० | १८००० | १०५१९ |
| | | प्रतिवेदनक र संयोजक एउटै भएमा भत्ता नपाउने | सोहना जोशी | | | | | २१२५ |
| | | | | | | | जम्मा | ४१३९६/- |

## सामाजिक सुरक्षा कार्यक्रमको लेखापरीक्षणबाट देखिएका व्यहोरा

१२५. **अभिलेख अद्यावधिक तथा बढी भुक्तानीः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ७ बमोजिम प्रत्येक स्थानीय तहले मन्त्रालयको स्वीकृति बिना कुनैपनि प्रकारका सामाजिक सुरक्षा भत्ता नगद वितरण गर्न नपाइने र प्रत्येक स्थानीय तहले आफ्नो क्षेत्र भित्रका सबै लक्षित वर्ग तथा समूहको तथ्याङ्क केन्द्रीय पञ्जिकरण विभागको MIS system मा Online प्रविष्टी गरी अद्यावधिक गरेको तथ्याङ्कको आधारमा नजिकको बैंकको शाखाबाट खाता सञ्चालन गरी वितरण गर्नुपर्ने व्यबस्था छ ।

१२५.१. नगरपालिकाले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण अद्यावधिक गरेको देखिएन भने तीन वटै चौमासिकको सामाजिक सुरक्षा भत्ता रकम रु.५,९६,५७,८००।०० नगदमा बुझाएको देखियो । उल्लेखित अवस्थामा सामाजिक सुरक्षा भत्ता बितरणमा दुरुपयोग हुन सक्ने देखिएकोले ब्यबस्थापन पक्षले लाभग्राहीहरुको मुल अभिलेख अद्यावधिक, सो को नविकरण, लगत कट्टा, बितरण प्रणाली र बैंक खाता सञ्चालन लगायत तोकिएका अन्य कार्यहरुलाई बिश्वसनीय र भरपर्दो बनाउनुपर्ने देखिन्छ । बैंकमा खाता खोली बैंकमार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्दछ ।

१२५.२. सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को बुँदा नं.११ अनुसार सामाजिक सुरक्षा सम्बन्धी

| | | |
|---|---|---|
| | अनुसूची ८, ९, १०, ११ र १२ तयार गरी सोको आधारमा भत्ता खर्च लेख्नुपर्ने व्यवस्था उल्लेख छ । सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिको परिचयपत्र सहितको नामावली अद्यावधिक नहुँदा भत्ता पाउने उचित व्यक्ति छुट वा अर्को व्यक्तिले दोहोरो भत्ता भुक्तानी लिई खर्चमा अनियमितता हुन जाने सम्भाव्यता विद्यमान रहन्छ । | |
| **१२५.३.** | नगरपालिकाको सामाजिक सुरक्षा भत्ता परीक्षण गर्दा वडा नं. ८ र ९ भत्ता एम.आई.एसमा इन्ट्रि नगरी वितरण गरेको अन्य सवै वडाको तीनवटै चौमासिक बैक मार्फत वितरण गरको तर तेस्रो किस्ताको बालबालिका अन्य तर्फको सवै वडामा हातहातै वितरण गरेको पाईयो । यस सम्बन्धमा कार्यालयले छानविन गर्नुपर्दछ । निर्देशिकाले व्यवस्था गरे अनुसार सबै अनुसूचीको भिडान गरी सामाजिक सुरक्षा भत्ता खर्च लेख्ने, अघिल्लो चौमासिकमा भएको नविकरण, लगत कट्टाको अभिलेखलाई अद्यावधिक गरेर मात्र अर्को चौमासिकको किस्ता बैंक मार्फत भुक्तानी गर्नुपर्दछ । | |
| **१२५.४.** | गत आ.व. २०७४।७५ को लेखापरीक्षण प्रारम्भिक प्रतिवेदन को दफा नं. ५२ अनुसार सामाजिक सुरक्षा भत्ता विवरतणकोलागि राष्ट्रिय बाणिज्य बैंक दिपायल शाखामा वितरणको लागि भुक्तानी भएको रु.१३२००४००। रकममा रा.वा बैंकको मिति २०७६।५।८ को पत्रबाट रु.१२७१४४००। वितरण गरी रु.४६८०००। नगरपालिकाको खाता नं.४१००३०२०१२१०२ मा फिर्ता गरेको भनेको तथा कृषि विकास बैंक लि.सिलगढी शाखामा दिएको रकम मध्ये वितरण बाँकी रहेको रु.२०८००। समेत नगरपालिकाको खातामा जम्मा भएको भनिएकोमा सो रकम संघिय सञ्चित कोषमा फिर्ता गरेका प्रमाण पेश नभएकोले सो फिर्ता भएको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु. | ४८८८००/- |
| | **आन्तरिक लेखापरीक्षणबाट देखिएको बेरुजु अन्तिम लेखापरीक्षण हुनु अगावै फछ्र्यौट गरिसक्नुपर्ने व्यवस्था भएता पनि देहायबमोजिम आन्तरिक लेखापरीक्षणबाट देखिएका व्यहोराहरु फछ्र्यौट गरेको प्रमाण पेश नभएकोले नियमानुसार फछ्र्यौट गर्नुपर्ने देखिएको छ ।** | |
| **१२६.** | **६/२०७६/३/२५,** सार्वजनिक शिक्षा सबलीकरण कार्यक्रमको लागि श्री मन्जु थापालाई दिएको खर्च रकममा पारिश्रमिक कर रु ९००.० र अग्रिम कर रु १७५.० को भौचर संलग्न नरहेको रु | १०७५/- |
| **१२७.** | **२९/२०७५/६/१६,** परिक्षा संचालनको लागि तेजराज भट्टले लिएको पे.फ गरी बाँकी रकम भुक्तानी दिएको देखिन्छ । सो मध्ये अग्रिम कर दाखिला गर्न बाँकी रकम | १५१/- |
| **१२८.** | **८/२०७५/३/२२,** खाना खाजा बापतको रकम श्री शैलेश्वरी रेष्टुरेन्टलाई भुक्तानी गरेको रकमको कर कट्टी नगरेको रु | ४३७/२५ |

अनुसूची १

## दिपायल सिलगढी नगरपालिकाको सञ्चित कोष विवरण
## २०७५।७६

(रु.हजारमा)

| क्र.स | स्थानीय तह | जिल्ला | आय | | | | | व्यय | | | | मौज्दात बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | जम्मा आय | चालु खर्च | पूजीँगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| १ | दिपायल सिलगढी नगरपालिका | डोटी | ४७५३२ | १२५३८२ | २०९६९० | १४२४९० | ४७७५६२ | ३३१६९ | १५०००७ | ३१७३३४ | ५००५१० | २४५८४ |

अनुसूची-२

## बेरुजू वर्गीकरण (विनियोजन,राजस्व,धरौटी र अन्य कारोवार)
## २०७५।७६

(रु.हजारमा)

| क्रस | स्थानीय तह | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्यौट | | | बाँकी बेरुजू | | | बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | सै. | ल. | रकम | सै. | ल. | रकम | सै. | ल. | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी पेश्की | अन्य पेश्की | जम्मा |
| १ | दिपायल सिलगढी नगरपालिका | ७५ | ६५ | २१९२० | ० | २ | २८३ | ७५ | ६३ | २१६३७ | ३४१९ | ८०८६ | ८३१९ | ० | ० | १६४०५ | ४ | १८०९ | १८१३ |

अनुसूची-३

## अद्यावधिक वेरुजू स्थिति
## २०७५।७६

| क्र. सं. | स्थानीय तह | जिल्ला | गत बर्ष सम्मको बाकी | यो वर्षको फछ्र्यौट | बांकी | यो वर्ष सं.प.वाट कायम भएको वेरुजू | यो वर्षको वेरुजू | कुल बाकी वेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| १ | दिपायल सिलगढी नगरपालिका | डोटी | ५३४४८ | ३२८८८ | २०५६० | ० | २१६३७ | ४२१९७ |